"समुन्नत ठाकुरबाबाः सबल नगरवासी"

आर्थिक वर्ष २०८३।०८४ को

# बजेट वक्तव्य

ठाकुरबाबा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

सैनवार, बर्दिया

## आ. व. २०८३।०८४ को बजेट वक्तव्यः

ठाकुरबाबा नगरपालिकाको गरिमामय नगर सभाका अध्यक्ष एवं ठाकुरबाबा नगरपालिकाका प्रमुखज्यू, नगर सभाका सचिवज्यू, नगर सभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीज्यूहरु, सम्पूर्ण नगरवासी महानुभावहरू र स्वदेश तथा विदेशबाट यस कार्यक्रमको प्रत्यक्ष प्रसारणमार्फत जोडिनुभएका सम्पूर्ण शुभेच्छुक महानुभावहरूमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

आज हामी ठाकुरबाबा नगरपालिकाको नगर सभाको १९ औं अधिवेशनको महत्वपूर्ण दोस्रो बैठकमा उपस्थित भएका छौं ।यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८३।०८४ को आर्थिक विधेयक, विनियोजन विधेयक र वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएको छ। यस अवसरमा नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना तथा मुलुकको समृद्धिका लागि भएका विभिन्न आन्दोलन, सङ्घर्ष र परिवर्तनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात शहिदहरूप्रति उच्च सम्मानसहित श्रद्धासुमन अर्पण गर्दछु। साथै आन्दोलनका क्रममा घाइते हुनुभएका सम्पूर्ण योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

नेपालको संविधान, प्रचलित कानुन तथा सङ्घीय शासन प्रणालीको मूल मर्मअनुसार स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थापित भएको छ। यही जिम्मेवारीलाई आत्मसाथ गर्दै ठाकुरबाबा नगरपालिकाले विगत चार वर्षको अवधिमा व्यवस्थापकीय, कार्यकारी तथा न्यायीक अधिकारको प्रभावकारी प्रयोग गर्दै जनमुखी सेवा प्रवाह, सुशासन प्रवर्द्धन र विकास निर्माणका कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउँदै आएको छ। वि. सं. २०७९ साल जेठ ६ गते पदभार ग्रहण गरेपछि यस कार्यकालको अन्तिम बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामीले तय गरेका लक्ष्य, जनतासँग गरेका प्रतिबद्धता र प्राप्त उपलब्धिहरूको समीक्षा गर्ने महत्वपूर्ण अवसर पनि प्राप्त भएको छ। यस अवधिमा सङ्घीय सरकार, प्रदेश सरकार, विभिन्न विकास साझेदार निकाय तथा सरोकारवालाहरूको सहयोग, समन्वय

र सहकार्यबाट ठाकुरबाबा नगरपालिकाको विकास यात्राले महत्वपूर्ण गति लिएको छ। शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक विकास, संस्थागत क्षमता विकास तथा सुशासनका क्षेत्रमा देखिने गरी सुधारका प्रयासहरू भएका छन्।

अब चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र आर्थिक स्थितिका बारेमा संक्षिप्तमा जानकारी गराउँदछु।

चालु आर्थिक वर्ष २०८२।०८३ को लागि नगरपालिकाको कुल प्रस्तावित बजेट रु. ९९ करोड ५८ लाख १८ हजार ६ सय ९ रहेको थियो। जसमध्ये ज्येष्ठ मसान्तसम्म चालुतर्फ विनियोजित रु. ५३ करोड ३४ लाख ३० हजार २ सय ६५ मध्ये रु. ३८ करोड ४६ लाख ५२ हजार २ सय ८४ खर्च भई ७२.११ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ भने पुँजीगततर्फ रु. ४६ करोड २३ लाख ८८ हजार ३ सय ४२ विनियोजन भएकोमा रु. १२ करोड १६ लाख ५७ हजार ६ सय ८८ खर्च भई २६.३१ प्रतिशत मात्र प्रगति भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु खर्चतर्फको खर्च केहि बढेको भएतापनि पुँजीगत खर्च भने झण्डै १४ प्रतिशतले कम भएको छ। ज्येष्ठ मसान्तसम्म नगरपालिकाको वास्तविक आय भने रु. ७० करोड ८६ लाख २२ हजार ६ सय ९० रहेको छ, जुन प्रस्तावित बजेटको ७१.१५ प्रतिशत हो भने अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब १५ प्रतिशतले कम रहेको छ। जबकि अघिल्लो वर्ष प्रस्तावित बजेट रु. ८७ करोड ९० लाख ४० हजार ५ सय ४४ मात्र रहेको थियो।

प्रस्तावित आय र वास्तविक प्राप्तिबीचको अन्तर, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटमा आएको कमी र बढ्दो दायित्वका कारण नगरपालिकाको वित्तीय व्यवस्थापनमा चुनौती देखिएको छ। यस्तो परिस्थितिमा आन्तरिक आय वृद्धि, उत्पादनमूलक तथा आयमूलक आयोजना प्रवर्द्धन, खर्चमा मितव्ययिता र स्रोतको प्रभावकारी उपयोगलाई आगामी आर्थिक वर्षको प्रमुख प्राथमिकताका रूपमा लिइनेछ।

**<u>हाम्रा केही अभ्यास तथा उपलब्धिहरु:</u>**

आदरणीय सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरू,

हामीले कार्यभार सम्हालेदेखि नै **"समुन्नत ठाकुरबाबाः सबल नगरवासी"** को दीर्घकालीन सोचलाई व्यवहारमा उतार्न विकासलाई केवल भौतिक निर्माणको विषयका रूपमा नभई सामाजिक रूपान्तरण, आर्थिक सशक्तीकरण र सुशासनको समग्र यात्राका रूपमा अगाडि बढाउँदै आएका छौं। कार्यकालको प्रारम्भमै स्थानीय सरकारका जिम्मेवारीका ५ प्रमुख क्षेत्र र २० उपक्षेत्रलाई आधार मानी आवश्यक नीतिगत, कानुनी र संस्थागत संरचना निर्माण गर्दै शिक्षा, स्वास्थ्य, सामाजिक विकास र आर्थिक रूपान्तरणलाई नगर विकासको मूल आधारका रूपमा स्थापित गरेका छौं। हामीले लिएका नीति, कार्यक्रम र प्राथमिकताहरूको प्रभावकारिता आज विभिन्न राष्ट्रिय मूल्याङ्कन, सम्मान र अभ्यासबाट प्रमाणित भएका छन्। प्रत्येक वर्ष कुनै न कुनै महत्वपूर्ण सम्मान र पहिचान प्राप्त गर्नु हाम्रो लागि केवल गौरवको विषय मात्र होइन, हामीले तय गरेको विकासको मार्ग सही दिशातर्फ अघि बढिरहेको प्रमाण पनि हो। कार्यकालको दोस्रो वर्षमै सार्वजनिक शिक्षाको क्षेत्रमा गरिएको नीतिगत सुधार, बजेट व्यवस्थापन, विद्यालय सुधार अभियान र गुणस्तर अभिवृद्धिका प्रयासलाई मूल्याङ्कन गर्दै शिक्षा पत्रकार समूह नेपाल तथा प्रिन्सिपल एसोसिएसन नेपालबाट राष्ट्रिय तथा प्रदेशस्तरमा उत्कृष्ट स्थानीय तहका रूपमा सम्मान प्राप्त गर्न सफल भएका छौं। त्यसै गरी पारदर्शिता, जवाफदेहिता, वित्तीय अनुशासन, भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति तथा संस्थागत सुधार, सेवा प्रवाह र समन्यायीक विकासको अभ्यासलाई मूल्याङ्कन गर्दै नगरपालिका सङ्घबाट संस्थागत विकास, सेवा प्रवाह र वित्तीय सुशासनको क्षेत्रमा उत्कृष्ट नगरपालिकाका रूपमा सम्मान प्राप्त गरेका छौं। कार्यकालको चौथो वर्षमा उपप्रमुखज्यूले प्राप्त गर्नुभएको **"सी लिड्स आइकन"** सम्मानले पनि हाम्रो समावेशी नेतृत्व र सुशासनको यात्रालाई थप प्रमाणित गरेको छ।

स्थानीय तहको कार्यसम्पादन मापनका महत्वपूर्ण आधारका रूपमा रहेका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तीय जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास (LED) लगायतका सूचकहरूमा उत्कृष्ट नतिजा हासिल गर्दै परिमार्जित स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को मूल्याङ्कनमा समेत ९१.३ अङ्कसहित सर्वोत्कृष्ट स्तर प्राप्त गर्न सफल भएका छौं। यी उपलब्धिहरू हाम्रो नीति, योजना, कार्यान्वयन क्षमता र संस्थागत संस्कृतिको प्रतिविम्ब हुन्। हामीले अवलम्बन गरेको नीतिगत सुधार, पारदर्शिता र मितव्ययिताका कारण आ. व. २०८१।०८२ को महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण हुँदा ०.१५ प्रतिशत मात्र नियमित गर्नुपर्ने बेरुजु कायम भएको छ भने ३ करोड भन्दा बढी अघिल्ला वर्षका बेरुजु सम्परीक्षण भएको छ। कायम भएको बेरुजुलाई पनि यसै नगर सभाबाट नियमित गरी शून्य बेरुजु कायम हुने अपेक्षा छ। सेवा प्रवाहलाई नागरिकमैत्री, सहज र प्रभावकारी बनाउने उद्देश्यले अधिकार क्षेत्रभित्र पर्ने सेवाहरू स्थानीय तहमै उपलब्ध गराउने दिशामा समेत महत्वपूर्ण पहल गरिएको छ। भूमि प्रशासन सम्बन्धी कार्य स्थानीय तहबाटै सम्पादन गर्ने गरी नगर कार्यपालिकाको प्रतिबद्धतासहित सम्बन्धित मन्त्रालयमा प्रक्रिया अघि बढाइएको छ भने आन्तरिक राजस्व कार्यालयसँग सम्बन्धित सेवाहरू समेत नगरपालिकामार्फत उपलब्ध गराउन पहल अगाडि बढाइएको छ।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार, जिम्मेवारी र अवसरलाई आत्मसाथ गर्दै हामीले स्थानीय सरकारलाई केवल सेवा प्रवाह गर्ने निकायका रूपमा मात्र होइन, नागरिकको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने विकास र रूपान्तरणको माध्यमका रूपमा स्थापित गर्ने प्रयास गरेका छौं। विशेष गरी सार्वजनिक शिक्षा सुदृढीकरण, आधारभूत स्वास्थ्य सेवा विस्तार तथा सामाजिक विकासका क्षेत्रमा हामीले लिएका नीति, कार्यक्रम र प्राथमिकताहरूले आज ठाकुरबाबा नगरपालिकालाई प्रदेश र राष्ट्रिय सीमाभन्दा माथि उठाउँदै अन्तर्राष्ट्रिय स्तरमा समेत अध्ययन र अनुशरणको पाठशाला बनाएको छ। हामीले प्रारम्भदेखि नै

अङ्गीकार गरेका शिक्षा, स्वास्थ्य र सामाजिक विकासका अभ्यासहरू आज विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सन्दर्भ सामग्रीका रूपमा प्रस्तुत भएका छन्। ५० भन्दा बढी स्थानीय तह तथा विभिन्न सङ्घसंस्थाहरूले ठाकुरबाबालाई असल अभ्यास सिक्ने थलोका रूपमा स्वीकार गरी अध्ययन, अवलोकन र अनुभव आदानप्रदान गरेका छन्। नीति निर्माण तहका उच्च पदस्थ व्यक्तित्वहरू तथा विभिन्न क्षेत्रका विज्ञहरूसँग भएका भेटघाट र अन्तरक्रियामा प्राप्त सकारात्मक पृष्ठपोषण तथा मार्गदर्शनले हामीले पदभार ग्रहणसँगै तय गरेका नीति, कार्यक्रम र प्राथमिकताहरू सही दिशातर्फ उन्मुख रहेको पुष्टि गरेको छ।

पछिल्लो समय नेपालको शिक्षा क्षेत्रमा देखिएका चुनौती समाधानका लागि नीतिगत रूपमा विद्यालय समायोजन, मर्जर तथा शिक्षक व्यवस्थापनका विषयहरू बहसको केन्द्रमा आइरहँदा हामीले केही वर्ष अगाडिदेखि नै आवश्यक सुधारका कदमहरू प्रारम्भ गरिसकेका थियौं। ऐन, नीति र संस्थागत व्यवस्थामार्फत शिक्षा सुधारलाई अघि बढाउँदै हामी अहिले "**निःशुल्क मात्र होइन, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा**" अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने चरणमा प्रवेश गरेका छौं। शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापन, प्रविधिमैत्री सिकाइ, पूर्वाधार सुधार र शैक्षिक वातावरण निर्माणमा गरिएको निरन्तर लगानीको परिणामस्वरूप विद्यालय तहको शैक्षिक उपलब्धि २० प्रतिशतभन्दा कम अवस्थाबाट ८० प्रतिशतभन्दा माथि पुग्न सफल भएको छ। विद्यालय क्षेत्रभन्दा बाहिर रहेका सम्पूर्ण बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन सफल भएका छौं। नेपालमै पहिलो स्थानीय तहस्तरीय **"वृत्ति मार्ग निर्देशन सेवा एकाई"** स्थापना गरी सञ्चालनमा ल्याएर विशिष्ट पहिचान स्थापित गरेका छौं।

आज ठाकुरबाबाका सबै विद्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूलाई ई-हाजिरी प्रणालीमार्फत जोडिएको छ। प्रविधिमैत्री शिक्षण सिकाइलाई व्यवहारमा उतार्न हालसम्म विद्यालयहरूमा ७५८ थानभन्दा बढी प्रविधिजन्य सामग्री व्यवस्थापन गरिएको छ। जसमा १२६ थान ल्यापटप, २५१ थान डेस्कटप, ५५ थान स्मार्ट

बोर्ड, ६१ थान स्मार्ट टिभी र ३८ थान प्रोजेक्टर लगायतका सामग्री रहेका छन्। चालु आर्थिक वर्षमै प्रदेश सरकारसँगको समन्वयमा थप २५ थान स्मार्ट बोर्ड र २५ थान ल्यापटप थप गर्ने प्रक्रिया अगाडि बढिरहेको छ। यसले हाम्रो शिक्षा प्रणालीलाई परम्परागत सिकाइबाट प्रविधिमा आधारित आधुनिक सिकाइतर्फ रूपान्तरण गर्न महत्वपूर्ण आधार तयार गरेको छ। शैक्षिक पूर्वाधारतर्फ पनि हामीले आधारभूत आवश्यकता पूरा गर्ने चरण पार गरेका छौं। विद्यालय भवन, कक्षाकोठा, खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापनमा गरिएको सुधारले सिकाई वातावरणलाई सुरक्षित, व्यवस्थित र विद्यार्थीमैत्री बनाएको छ।

खेलकुद क्षेत्रको विकासमा पनि नगरपालिकाले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। विद्यार्थीको प्रतिभा विकास, अनुशासन र स्वस्थ प्रतिस्पर्धाको संस्कृतिलाई प्रवर्द्धन गर्दै खेलकुदलाई शिक्षाको अभिन्न अङ्गका रूपमा अघि बढाइएको छ। त्यसैगरी, ऐनमार्फत स्थापना गरिएको ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानले स्थानीय कला, भाषा, साहित्य र संस्कृतिको खोज, संरक्षण र प्रवर्द्धन गर्दै नगरको मौलिक पहिचानलाई राष्ट्रिय स्तरमा स्थापित गर्ने महत्वपूर्ण काम गरेको छ। यसले ठाकुरबाबाको सांस्कृतिक सम्पदालाई संरक्षण मात्र गरेको छैन, हाम्रो इतिहास, सभ्यता र पहिचानलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने आधार पनि तयार गरेको छ।

स्वास्थ्य क्षेत्रमा अपुग भौतिक पूर्वाधारका बीच पनि नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको आधारभूत स्वास्थ्य सेवाको विस्तारलाई उच्च प्राथमिकता दिएका छौं। २४ सै घण्टाको आकस्मिक सेवासहितको स्वास्थ्य सेवा नेउलापुरमा निर्माण सम्पन्न भएको सुविधा सम्पन्न भवनबाट थप व्यवस्थित रूपमा सञ्चालनमा आएको छ। आधारभूत नगरअस्पतालमा सेवा विस्तार भएपछि हालसम्म ६७३३६ जनाले सेवा प्राप्त गरेका छन्।वनयजन्तु प्रभावित क्षेत्र भएका कारण रेविजको पनि जोखिम हुने भएकाले नियिमत रुपमा रेविज खोप प्रदान गरिदै आएको छ हालसम्म १४८९जनाले रेविज खोपसेवा प्राप्त गरेका छन्।सर्पको टोकाइबाट बचाउन भेन्टीलेटर सहितको सर्पदश उपचार केन्द्र सञ्चालन गरिएको छ। सर्पदंश उपचार

केद्रबाट ११५ जनाले शव चिस्यान केन्द्रबाट  जनाले २०२ सेवा लिइसक्नु भएको छ ।२३२६८ जना  स्वास्थ्य विमासग जोडिएका छन् ।घरमा हुने सुत्केरीको अवस्थालाई शून्यमा झार्दै हाल सञ्चालनमा रहेका बर्थिङ सेन्टरहरूको प्रभावकारी व्यवस्थापन, विशेषज्ञ सेवासहितको मातृ तथा नवजात शिशु सेवाको विस्तार र गर्भवती महिलाको सुरक्षित पहुँच सुनिश्चित गर्न निःशुल्क मातृ एम्बुलेन्स सेवा सञ्चालन गर्ने नीति अघि बढाइएको छ। कुपोषण र त्यसबाट सिर्जना हुने स्वास्थ्य तथा सामाजिक समस्याको दीर्घकालीन समाधानका लागि साझेदार संस्था र सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै पोषण सुधारका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। स्वास्थ्य बीमा कार्यक्रमलाई थप विस्तार गर्दै आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, भरपर्दो र नागरिकको पहुँचमा पुर्‍याउने गरी बजेट विनियोजन गरिएको छ ।

पर्यटन क्षेत्रलाई स्थानीय अर्थतन्त्र, रोजगारी र पहिचानसँग जोड्ने उद्देश्यले नेपाल पर्यटन बोर्डसँगको साझेदारीमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू अघि बढाइएका छन्। द एशिया फाउण्डेसनको सहयोगमा ठाकुरद्वारालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्ने उद्देश्यले Digital Sambriddhi / Digital Entrepreneur Lab (डिजिटल उद्यमी प्रयोगशाला) स्थापना तथा पर्यटन गुरुयोजना निर्माणको प्रक्रिया अघि बढाइएको छ।

पूर्वाधार विकासतर्फ नगरपालिकाले सेवा प्रवाहलाई व्यवस्थित, सहज र नागरिकमैत्री बनाउन महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। हाल नगरपालिकाका सेवा प्रवाह गर्ने सबै इकाइहरू आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन्। सबै वडाहरूमा समान मापदण्ड, गुणस्तर र स्वरूप कायम हुने गरी वडा कार्यालय भवन निर्माण सम्पन्न गरी स्थानीय सरकारको संस्थागत आधारलाई थप मजबुत बनाइएको छ। सडक पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै नगरका सबै वडालाई सहज पहुँचयुक्त, सुरक्षित र दिगो यातायात सञ्जालसँग जोड्ने अभियानअन्तर्गत उल्लेखनीय प्रगति भएको छ। यस अवधिमा ३७.६८ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ भने थप १९.५ किलोमिटर सडक कालोपत्रेको चरणमा रहेको छ। त्यसैगरी ५६.६७ किलोमिटर

सडक स्तरोन्नति सम्पन्न गरिएको छ भने थप ९.०६ किलोमिटर सडक स्तरोन्नतिको प्रक्रियामा रहेको छ। सडक पूर्वाधारलाई दिगो र सुरक्षित बनाउन आवश्यक संरचनातर्फ २१४३ मिटर सिंचाइ नाला, २,३४० मिटर सडक नाला निर्माण, ५१६ वटा ह्युमपाइप तथा १४ वटा कल्भर्ट निर्माण सम्पन्न गरिएको छ। यसैगरी यातायात सुरक्षा, सहरी सौन्दर्य र नागरिक सुरक्षालाई ध्यानमा राखी ३ वटा ट्रस ब्रिज तथा १४३० वटा सडक बत्ती जडान गरिएको छ। निर्माण सामग्रीको मूल्य वृद्धि तथा अन्तर्राष्ट्रिय बजारमा देखिएको अस्थिरताका कारण केही आयोजनाको कार्यान्वयनमा चुनौती देखिए तापनि प्रारम्भ गरिएका सबै आयोजनालाई गुणस्तरीय, समयमै र प्रभावकारी रूपमा सम्पन्न गर्ने प्रतिबद्धता रहेको छ। आगामी दिनमा संघीय सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्य गर्दै बाँकी आयोजनाहरूलाई पूर्णता दिइनेछ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण नगरपालिकाको महत्वपूर्ण प्राथमिकताको विषय रहँदै आएको छ। यस क्रममा सुरु गरिएको हात्ती छेकवार निर्माण कार्य करिब १७ किलोमिटर सम्पन्न भई स्थानीय नागरिकको सुरक्षा, कृषि संरक्षण र वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ। वडा नं. ६, ७ र ८ को सीमाक्षेत्रमा निर्माण कार्य सम्पन्न भइसकेको छ भने वडा नं. १, २, ३ र ४ का लागि थप रु. ७ करोड बजेट सुनिश्चित भइसकेको छ। आगामी आर्थिक वर्षमा यसअन्तर्गत रु. ४ करोड ७२ लाख बराबरको कार्य कार्यान्वयन गरी बाँकी क्षेत्रलाई क्रमशः सुरक्षित बनाउँदै लगिनेछ। यसरी पूर्वाधार विकासलाई केवल भौतिक संरचना निर्माणको रूपमा नभई सेवा प्रवाहको प्रभावकारिता, आर्थिक गतिविधिको विस्तार, नागरिकको सहजता र सुरक्षित जीवनयापनसँग जोडेर नगरपालिकाले योजनाबद्ध रूपमा अघि बढाएको छ।

शैक्षिक पूर्वाधार तर्फ २२ वटा विद्यालय भवनमा १२३ वटा नयाँ कक्षा कोठा थप गरिएको छ । सबै विद्धालयमा तातोचिसो पानी सहित सुरक्षित खानेपानीको व्यवस्था लैङगिक मैत्री शौचालय निर्माण गरिएको छ । नगरपालिकाले शिक्षालाई विकासको मुख्य आधार मान्दै कक्षा १२ सम्मको शिक्षालाई पूर्ण रूपमा निःशुल्क बनाएको छ,

शैक्षिक गुणस्तर र प्रविधिलाई जोड्न कक्षा ८ देखि १२ सम्मका विद्यार्थीका लागि "एआई साक्षरता अभियान" र भविष्यको रोजगारी सुनिश्चित गर्न "करियर ल्याब" जस्ता नवीन कार्यक्रमहरू सञ्चालन गरिएका छन् । शिक्षकहरूको वृत्ति विकासका लागि नियमित तालिम सञ्चालन "माविका प्रधानाध्यापकलाई मोटरसाइकिल वितरण, आन्तरिक श्रोतबाट कार्यरत शिक्षक र कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने यो लुम्बिनी प्रदेशकै पहिलो नगरपालिका बनेको छ ।

सामाजिक न्याय र नागरिकको सुरक्षित जीवन सुनिश्चित गर्ने उद्देश्यका साथ सुरक्षित आवास कार्यक्रमलाई प्राथमिकतामा राखी हालसम्म १५ जना अपाङ्गता भएका नागरिक, १३ जना बाढी प्रभावित परिवार, ७५ वटा ऊर्जा प्रभावकारी आवास सहित जम्मा २४४ वटा विपन्न तथा सुरक्षित आवास निर्माण सम्पन्न गरिएको छ। यसले कमजोर आर्थिक अवस्थाका नागरिकलाई सुरक्षित आवासको सुनिश्चितता मात्र गरेको छैन, सम्मानपूर्वक जीवनयापन गर्ने आधार समेत तयार गरेको छ।

कृषि तथा पशुपालन क्षेत्रलाई केवल निर्वाहमुखी पेशाका रूपमा नभई रोजगारी, उद्यमशीलता, आयआर्जन र आत्मनिर्भर अर्थतन्त्रको आधारस्तम्भका रूपमा विकास गर्ने हाम्रो स्पष्ट दृष्टिकोण रहेको छ। यही सोचअनुसार कृषि उत्पादनको लागत घटाउने, उत्पादकत्व वृद्धि गर्ने र कृषकलाई बजारसँग प्रत्यक्ष जोड्ने उद्देश्यले कष्टम हायरिङ्ग सेन्टरको अवधारणा, कृषकको माग अनुसार कृषिमा यान्त्रीकरणका लागि एकै पटक २७८ जना साना किसानलाइ मिनी टिलर ५५ वटा बोरिङ्ग सहित ६३ सिंचाइ मोटर अनुदान उपलब्ध गराइएको छ । किसानहरूलाई बजार र उचित मूल्यको प्रत्याभूति दिन न्यूनतम समर्थन मूल्य तोकि सहकारीमार्फत स्थानीय उत्पादनलाई समर्थन मूल्यमा खरिद गर्ने अभ्यासले किसानहरूलाई उत्साहित बनाएको छ । यसका साथै २५० वटा खसीबोका सङ्कलन गरी रु ३० लाख बराबरको कारोबार भएको छ। यसका साथै लसुन धनिया थारु आलु लगायतका स्थानीय उत्पादनको सहकारी मार्फत बजारीकरण प्रारम्भ गरिएको छ।त्यसैगरी नवप्रवर्तनमा

आधारित कार्यक्रममार्फत बंगुरपालन व्यवसायलाई थप व्यवस्थित, व्यावसायिक र प्रतिस्पर्धी बनाउन बंगुर मासु प्रशोधन, प्याकेजिङ तथा बाह्य बजारसम्म आपूर्ति गर्ने उद्देश्यले चिस्यानयुक्त ढुवानी साधनको व्यवस्था गरिएको छ। यस पहलले स्थानीय उत्पादनको मूल्य अभिवृद्धि, बजार विस्तार, कृषकको आम्दानी वृद्धि र कृषि क्षेत्रमा नयाँ उद्यमशीलताको वातावरण निर्माण गर्ने विश्वास लिएका छौं। हामीले कृषि क्षेत्रलाई केवल उत्पादन गर्ने क्षेत्रका रूपमा होइन, स्थानीय अर्थतन्त्र चलायमान बनाउने, रोजगारी सिर्जना गर्ने, खाद्य सुरक्षा सुनिश्चित गर्ने र समृद्धिको आधार तयार गर्ने क्षेत्रका रूपमा ग्रहण गरेका छौं। रासायनिक मलको माग र आपूर्ति बिचको खाडललाई तालमेल मिलाउन र सवै किसानलाई समानुपातिक रुपमा वितरण गर्न कृषक पासबुकको व्यवस्था, गुगल सिटबाट कृषकको नाम र परिणाम सहितको डाटा पालिकाबाटै प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ । उत्पादनदेखि प्रशोधन, मूल्य अभिवृद्धि र बजारीकरणसम्मको सम्पूर्ण मूल्य सृङ्खला सुदृढ गर्दै “समृद्ध किसान, आत्मनिर्भर ठाकुरबाबा” निर्माणको अभियानलाई निरन्तर अगाडि बढाइरहेका छौं।

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यलाई विशेष प्राथमिकता दिदै महिला शान्ति, सुरक्षा, समानता र समावेशी विकासको राष्ट्रिय प्रतिबद्धतासँग जोडिंदै संयुक्त राष्ट्रसंघका प्रस्ताव १३२५ र १८२० कार्यान्वयनका लागि आवश्यक सबै प्रक्रिया पूरा गर्ने नेपालकै अग्रणी नगरपालिकाको पहिचान समेत ठाकुरबाबाले स्थापित गरेको छ। यसले महिला, शान्ति र सुरक्षासम्बन्धी सवाललाई स्थानीय विकासको मूल प्रवाहसँग जोड्ने हाम्रो प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको द्वन्द्वकालका बेपत्ता परिवारलाई मासिक २५०० रुपैयाँ निर्वाह भत्ता उपलब्ध गराउने कार्य सुरु गरिएको छ । साथै महिलाहरुलाई आत्मनिर्भर बनाउन विभिन्न सिपमूलक तालिम प्रदान र व्यवसाय सञ्चालनका लागि हालसम्म न्यूनतम २५ हजारदेखि १ लाख १५ हजारसम्म ४८ जनालाई स्टार्टअप सहयोग प्रदान गरिएको छ । सरकारी सेवामा पहुंच बृद्धिका लागि नियमित रुपमा लोकसेवा तयारी कक्षा सञ्चालन गरी हालसम्म १०३ जनाले तयारी कक्षामा सहभागी भएका छन् । अपांगता भएका व्यक्तिहरुको हक अधिकार

स्थापित गर्न रअपांगमैत्री संरचना निर्माण, सुधारका साथै नियमित रुपमा परिचय पत्र वितरण कार्यक्रम गरी हालसम्म ९०५ जनालाई परिचयपत्र १२० जनाभन्दा बढीलाई सहायक साामग्री वितरण गरिएको छ भने १५ जना अपांगता भएका परिवारका सदस्यलाई सिपमूलक तालिम र व्यवसाय सञ्चालनमा सहयोग गरिएको छ ।

नगरपालकिाको आर्थिक सर्भेक्षणको तथ्यांक अनुसार खाना पकाउन प्रयोग हुने मुख्य इन्धनको आधारमा घरपरिवारको विवरणलाई हेर्दा यस नगरपालिकाका कुल ११,५६४ घरपरिवारहरुमध्ये ८३.७९ प्रतिशत अर्थात् ९,६९० घरपरिवारले काठ, दाउराको प्रयोग१५.१९ प्रतिशत अर्थात् १,७५७ घरपरिवारले एलपी ग्याँस र तेस्रोमा ०.९१ प्रतिशत अर्थात् १०५ घरपरिवारले मात्र गोबर ग्याँस प्रयोग गरेको देखिएपछि महिलाहरुको कार्यबोझ घटाउन र जंगलप्रतिको निर्भरता घटाई मानव वन्यजन्तु द्धन्द्ध न्यूनिकरणका लागि बैकल्पिक उर्जा केन्द्रसंगको सहकार्यमा ५ वर्षमा ८० प्रतिशत घरधुरीमा सुधारएिको चुलो र विद्युतिय चुलो तथा बायो ग्याँस निर्माणमा सहयोग गर्ने लक्ष्य अनुरुप हालसम्म २१८० घरधुरीलाई चुलो वितरण गरिएको छ ।

युवाको क्षमता, अनुशासन र प्रतिभा विकासलाई प्राथमिकता दिँदै खेलकुद क्षेत्रको विकासमा समेत महत्वपूर्ण पहल गरिएको छ। खेल पूर्वाधार विस्तारका लागि रु।७ करोड बजेट सुनिश्चित भई प्यारापिटसहितको सुविधा सम्पन्न खेल मैदान निर्माणको प्रक्रिया अघि बढाइएको छ।यसले खेलाडी उत्पादन, युवाको सक्रियता वृद्धि र नगरको खेलकुद पहिचानलाई थप उचाइमा पुर्‍याउने विश्वास लिएका छौं।हामीले पदभार ग्रहण गरे देखि कार्याकालयको अन्त्य सम्म गरेका सबै क्षेत्र र बिषयको तथ्यांकीय सचित्र सहितको कहाँ थियौं कहाँ पुग्यौं स्थितीपत्र सार्वजनिक गर्ने प्रतिद्वता ब्यक्त गर्न चाहान्छु।

आदरणीय सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरू,

संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र अनुदानमा पछिल्ला वर्षहरूमा देखिँदै आएको क्रमिक संकुचनको अवस्थालाई हामीले चुनौतीका रूपमा मात्र होइन, स्थानीय सरकारलाई थप आत्मनिर्भर, सक्षम र दिगो बनाउने अवसरका रूपमा समेत लिन आवश्यक छ। स्थानीय सरकारको वास्तविक सबलीकरण भनेको केवल प्राप्त अनुदानको प्रभावकारी उपयोग मात्र होइन, आफ्नै स्रोतको विस्तार, उत्पादन वृद्धि, आर्थिक गतिविधिको विस्तार र नागरिकको आयस्तर वृद्धिसँग जोडिनुपर्छ भन्ने मान्यताका साथ नगरपालिकाले आगामी दिनको यात्राको दिशा तय गरेको छ। यही सोचका साथ नगरपालिकाको आर्थिक आत्मनिर्भरता, आन्तरिक आय अभिवृद्धि र दीर्घकालीन वित्तीय स्थायित्वलाई प्राथमिकतामा राख्दै रणनीतिक महत्वका आयमूलक, उत्पादनमूलक र रोजगारी सिर्जना गर्ने आयोजनाहरूको पहिचान र कार्यान्वयनलाई अघि बढाइएको छ। अबको हाम्रो लक्ष्य विकासका लागि बाह्य स्रोतको प्रतीक्षा गर्ने मात्र होइन, आफ्नै सम्भावना, स्रोत र क्षमतालाई परिचालन गरी आत्मनिर्भर ठाकुरबाबाको आधार निर्माण गर्नु हो।

यसै क्रममा कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (KOIKA) को परियोजनामार्फत बर्दिया जिल्लामा सञ्चालन हुने कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक समन्वय र सहकार्यलाई प्राथमिकता दिइएको छ। कृषि उत्पादन, मूल्य अभिवृद्धि, बजार विस्तार र कृषिमा आधारित उद्यम विकासमार्फत यस परियोजनाले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने, रोजगारी सिर्जना गर्ने र नागरिकको आय वृद्धि गर्ने महत्वपूर्ण अवसर प्रदान गर्ने विश्वास लिएका छौं। त्यसैगरी लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका रूपमा रहेको बारबर्दिया—कतर्निया—धधवार—गुलरिया—धामपुर—शक्तिनगर—जमुनिया—खैलारघाट—ठाकुरबाबा सडक स्तरोन्नति आयोजनाले हाम्रो नगरको आर्थिक, सामाजिक र पर्यटन विकासमा दीर्घकालीन प्रभाव पार्नेछ। आगामी आर्थिक वर्षमा समेत यस आयोजनाका लागि उल्लेखनीय बजेट विनियोजन भएको छ। गोदाना—सुखाड जोड्ने पुल निर्माण ठेक्का प्रक्रियामा प्रवेश गरिसकेको छ भने खैलारघाटमा पुल निर्माणका लागि आवश्यक पहल अगाडि

बढिरहेको छ। यी पूर्वाधारहरूले केवल आवागमन सहज बनाउने मात्र होइन, कृषि उत्पादनको बजार पहुँच, पर्यटन विस्तार र स्थानीय आर्थिक गतिविधिलाई समेत गति दिनेछन्।भुरीगाउँ सडक चार लेनमा स्तरोन्नति भएपछि बजार क्षेत्रको सौन्दर्यीकरणसँगै व्यापारिक तथा आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। पूर्वाधारलाई हामीले केवल संरचना निर्माणका रूपमा होइन, आर्थिक अवसर सिर्जना गर्ने माध्यमका रूपमा अघि बढाएका छौं।जलवायु परिवर्तन, प्राकृतिक जोखिम र दीगो विकासको आवश्यकतालाई ध्यानमा राख्दै संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (FAO को जलवायु अनुकूलन परियोजना समेत ठाकुरबाबामा कार्यान्वयनको चरणमा पुगेको छ। यस परियोजनाका लागि आवश्यक जग्गा व्यवस्थापनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ। उपलब्ध हुने जग्गामा बहुउद्देश्यीय जलाशय, पर्यटकीय पूर्वाधार र जलस्रोत व्यवस्थापनसम्बन्धी संरचना निर्माण गर्ने योजना रहेको छ।विशेषगरी वडा नं. ६ र ७ मा प्रत्येक वर्ष दोहोरिने वर्षायामको डुबान र हिउँदमा देखिने सिँचाइको पानी अभावलाई दीर्घकालीन रूपमा समाधान गर्न दुईवटा ठूला ड्यामसहितको जलाशय निर्माणको अवधारणा अघि सारिएको छ। यो आयोजना केवल बाढी नियन्त्रणको उपाय मात्र नभई कृषि उत्पादन वृद्धि, जलस्रोत संरक्षण, मत्स्यपालन, पर्यटन प्रवर्द्धन र बहुआयामिक आर्थिक गतिविधिको केन्द्र बन्ने सम्भावना बोकेको रणनीतिक आयोजना हो।

यी सबै प्रयासहरू योजना र संरचना निर्माणका विषय मात्र होइनन,यी नागरिकको जीवनमा देखिने परिवर्तन, संस्थागत विश्वास र समुन्नत ठाकुरबाबाको दीर्घकालीन आधार निर्माण गर्ने अभियान हुन्।यस यात्रामा जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, विकास साझेदार, किसान, उद्यमी र सम्पूर्ण नगरवासीको साझा प्रतिबद्धता आवश्यक छ।हामीले सुरु गरेको सुधार र विकासको यात्रा अब संस्थागत भइसकेको छ। यही आधारमा **“समुन्नत ठाकुरबाबा : सबल नगरवासी**” को लक्ष्यलाई अझ मजबुत बनाउँदै आत्मनिर्भर, उत्पादनमुखी र आर्थिक रूपमा सक्षम नगर निर्माणको अभियानलाई आगामी दिनमा थप प्रभावकारी र परिणाममुखी बनाउने हाम्रो साझा संकल्प रहनेछ।

यस कार्यकालको अन्तिम बजेटको रूपमा प्रस्तुत हुन गइरहेको यो बजेट केवल वार्षिक आय—व्ययको दस्तावेज मात्र नभई हामीले सुरु गरेका अभियानहरूलाई संस्थागत गर्ने, प्राप्त उपलब्धिलाई संरक्षण गर्ने र आगामी पुस्ताका लागि समृद्ध ठाकुरबाबाको आधार तयार गर्ने महत्वपूर्ण दस्तावेज हो। यस बजेटले सामाजिक न्याय, गुणस्तरीय शिक्षा, प्रभावकारी स्वास्थ्य सेवा, उत्पादनमुखी कृषि, रोजगारी सिर्जना, पूर्वाधार विकास, वातावरण संरक्षण तथा सुशासनलाई प्राथमिकतामा राखेको छ। नगरपालिकाको स्थापना पश्चात स्थानीय शासन सञ्चालनलाई प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन आवश्यक पर्ने ऐन, नीति, नियमावली तथा कार्यविधिहरू निर्माण तथा परिमार्जन गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ। संस्थागत संरचना सुदृढ हुँदै गएको, योजनावद्ध कार्यक्रम कार्यान्वयन गर्ने संस्कृतिको विकास भएको अभ्यासबाट प्राप्त अनुभवका आधारमा अब नगरपालिका नीति निर्माण मात्र होइन, त्यसको प्रभावकारी कार्यान्वयन, अनुगमन र परिणाम सुनिश्चित गर्न सक्ने क्षमतामा पुगेको छ।

समुन्नत ठाकुरबाबाः सवल नगरवासीको दीर्घकालीन सोचलाई मूर्तरूप दिन आगामी आर्थिक वर्षमा स्वीकृत आवधिक योजना, नगरसभाबाट पारित नीति तथा कार्यक्रम, ऐन, नियम र कार्यविधिको प्रभावकारी कार्यान्वयनलाई केन्द्रमा राखिनेछ। आर्थिक वर्षको प्रारम्भमै आवश्यक कानुनी व्यवस्था, नयाँ ठेक्का प्रक्रिया, वडा तथा शाखागत कार्ययोजना, साझेदार संघसंस्थाका कार्यक्रमलाई समेटी एकीकृत कार्ययोजना निर्माण गरिनेछ र सोही आधारमा योजनाहरूलाई समयमै सम्पन्न गर्ने गरी कार्यान्वयनमा तीव्रता दिइनेछ।

नागरिकको प्रत्यक्ष जीवनसँग जोडिएका संवेदनशील सेवाहरू जस्तै निःशुल्क औषधि उपलब्धता, स्वास्थ्य सेवा प्रवाह, स्वास्थ्य बीमा कार्यक्रम, पशु तथा बाली बीमा, शैक्षिक सेवा, सार्वजनिक संरचनाको मर्मत सम्भार लगायतका क्षेत्रमा कुनै पनि प्रकारको अभाव हुन नदिन विशेष कार्यनीति अवलम्बन गरिनेछ। सेवा प्रवाहमा जिम्मेवारी,

उत्तरदायित्व र कार्यसम्पादनलाई मुख्य आधार बनाई प्रभावकारी अनुगमन प्रणाली विकास गरिनेछ। उत्कृष्ट कार्यसम्पादनलाई प्रोत्साहन र कमजोरीलाई सुधार गर्ने गरी संस्थागत प्रणालीलाई थप मजबुत बनाइनेछ।

हाल संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, समानिकरण अनुदान तथा राजस्व बाँडफाँडमा देखिएको संकुचनका कारण स्थानीय तहको वित्तीय व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। साथै निर्माण व्यवसायीबाट अन्तराष्ट्रिय बजारमा भएको मूल्यबृद्धिले समयमा कार्यसम्पादन हुन नसक्दा सिर्जना भएका दायित्व व्यवस्थापन गर्न सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गर्दै समयसीमा, गुणस्तर र जिम्मेवारीलाई कडाइका साथ पालना गरिनेछ।

आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारको सोह्रौं योजना, दिगो विकासका लक्ष्य, नेपाल सरकारको नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना र नीति तथा कार्यक्रम, नगरपालिकाको गुरुयोजना तथा पहिलो आवधिक योजना, १० वर्षे शैक्षिक विकास योजना तथा यस सम्मानित नगर सभाबाट पारित नीति तथा कार्यक्रमलाई मुख्य आधार बनाइएको छ। त्यसैगरी स्थानीय राजस्व परामर्श समिति, विषयगत समितिहरू, विभिन्न सङ्घसंस्था, नागरिक समाज, बुद्धिजीवी वर्ग, निजी क्षेत्र तथा आम नगरवासीबाट प्राप्त सुझावहरूलाई समेत आत्मसाथ गर्दै बजेट निर्माण गरिएको बेहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

अब म सम्मानित नगर सभाको १९ औं अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रममा प्रस्ताव गरिएकै कानुनी तथा नीतिगत आधारलाई मार्गदर्शन मान्दै सोलाई कार्यान्वयन गर्न "**समुन्नत ठाकुरबाबाः सबल नगरवासी**" को दीर्घकालीन सोचलाई आत्मसाथ गरी प्रस्तावित बजेटका उद्देश्य तथा प्राथमिकताहरू देहाय बमोजिम रहेको निवेदन गर्दछु।

(क) शिक्षा, स्वास्थ्य र सामाजिक विकासका क्षेत्रमा हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्दै गुणस्तरीय, सर्वसुलभ र नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने।

(ख) कृषि, पशुपालन, पर्यटन, उद्यमशीलता र स्थानीय उत्पादनको मूल्य अभिवृद्धि मार्फत आर्थिक विकास, रोजगारी सिर्जना तथा नागरिकको आयस्तर वृद्धि गर्ने।

(ग) कृषि उत्पादनलाई व्यावसायीकरण, आधुनिकीकरण र बजारीकरण गर्दै आत्मनिर्भर तथा उत्पादनमुखी अर्थतन्त्र निर्माणमा योगदान पुर्याउने।

(घ) पर्यटन, संस्कृति, प्राकृतिक सम्पदा र स्थानीय पहिचानको संरक्षण तथा प्रवर्द्धनमार्फत ठाकुरबाबालाई पर्यटनमैत्री र आर्थिक सम्भावनायुक्त नगरका रूपमा विकास गर्ने।

(ङ) सुरक्षित खानेपानी, सरसफाई, वातावरण संरक्षण, जलवायु अनुकूलन तथा विपद् उत्थानशील विकास मार्फत स्वच्छ, सुरक्षित र दिगो नगर निर्माण गर्ने।

(च) निर्माणाधीन तथा रणनीतिक महत्वका पूर्वाधार आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्दै सडक, सिँचाइ, सार्वजनिक संरचना तथा सेवाका पूर्वाधारलाई गुणस्तरीय र दिगो बनाउने।

(छ) सूचना प्रविधिमैत्री, पारदर्शी, जवाफदेही र परिणाममुखी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गर्ने।

(ज) जनप्रतिनिधि, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी तथा सरोकारवालाको क्षमता विकास गरी संस्थागत दक्षता अभिवृद्धि गर्ने।

(झ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा विपन्न समुदायको सामाजिक सुरक्षा, समावेशीकरण र सशक्तीकरणलाई प्रभावकारी बनाउने।

(ञ) सङ्घीय तथा प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र र समुदायसँगको सहकार्य विस्तार गरी उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन गर्ने।

(ट) नगरपालिकाको आन्तरिक आय अभिवृद्धि, उत्पादनमूलक लगानी र आत्मनिर्भर वित्तीय आधार निर्माणलाई प्राथमिकता दिने।

उल्लेखित उद्देश्यहरु पूरा गर्न योजना तथा कार्यक्रमहरुलाई तपसिल बमोजिमका प्राथमिकतामा तयार गरिएको छ।

१. नागरिकको जीवनस्तर, आम्दानी र रोजगारीमा योगदान दिई आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजना तथा कार्यक्रमहरु।
२. कृषि उत्पादन तथा बजारीकरणमा योगदान दिने उद्यमशीलता विकास र प्रवर्द्धन गर्ने योजनाहरु।
३. उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, दीगो तथा ठूला प्रकृतिका योजना तथा कार्यक्रमहरु।
४. विपद्लाई सामना गर्न सक्ने तथा नियमित स्वास्थ्य सेवालाई सहज, भरपर्दो तथा आधुनिक प्रविधियुक्त बनाउन योगदान दिने योजना तथा कार्यक्रमहरु।
५. स्थानीय जनताको अधिकतम श्रम तथा लागत सहभागिता जुट्ने स्थानीय स्रोतसाधन र सीपको प्रयोग हुने कम लागतमा बढी प्रतिफल दिन सकिने दिगो विकासका योजना तथा कार्यक्रमहरु।
६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, पिछडिएका वर्ग र क्षेत्रका समुदाय प्रत्यक्ष रुपमा लाभान्वित भई लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने योजना तथा कार्यक्रमहरु।
७. वातावरणीय संरक्षण, फोहरमैलाको दिगो र प्रभावकारी व्यवस्थापन तथा विपद् उत्थानशील योजना तथा कार्यक्रमहरु।
८. पर्यटकीय क्षेत्रको विकास, संरक्षण र प्रवर्द्धनद्वारा रोजगारी सृजना र आयआर्जनमा योगदान दिने योजना तथा कार्यक्रमहरु।
९. सङ्घ तथा प्रदेश सरकारले लिएका राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्यलाई योगदान दिने योजनाहरु।

१०.नगरपालिकाको संस्थागत क्षमता विकास गर्दै आधुनिक र प्रविधिमैत्री प्रशासन बनाउन योगदान पुग्ने योजना तथा कार्यक्रमहरु।

११.दिगो विकासका लक्ष्यलाई योगदान दिने योजना तथा कार्यक्रमहरु।

१२.लैङ्गिक उत्तरदायी, जलवायु परिवर्तन अनुकूलन तथा गरिबी न्यूनीकरणमा योगदान पुग्ने रणनीतिक योजना र कार्यक्रमहरु।

आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरु.

अब म गरिमामय नगर सभामा आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आर्थिक वर्ष २०८३।०८४ को लागि रु. ७७ करोड ७ लाख १६ हजार ४ सय १८ रुपैयाँको बजेट प्रस्ताव गरिएको छ। जुन आ. व. २०८२।०८३ मा प्रस्तावित बजेट भन्दा रु. २२ करोड ५१ लाख २ हजार १ सय ९१ (२२.६० प्रतिशत) ले कम हो। प्रस्तावित बजेटमध्ये ४२ करोड ४७ लाख १५ हजार ८ सय २० रुपैयाँ अर्थात ५५.११ प्रतिशत बजेट चालु खर्चतर्फ र ३४ करोड ६० लाख ५ सय ९८ रुपैयाँ अर्थात् ४४.८९ प्रतिशत बजेट पुंजीगत खर्चतर्फ विनियोजन गरिएको छ। मुद्रास्फिति तथा मध्यपूर्वमा भएको युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको अस्वभाविक मूल्य वृद्धिले गर्दा भएको महङ्गीका कारण चालु खर्च २.४६ प्रतिशतले वृद्वि भएको हो। आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि विनियोजित बजेट यसअघिका ४ वटा आर्थिक वर्षमा हामीले प्रस्ताव गरेका बजेटमध्ये सबै भन्दा कम हो। यसअघि हामीले आ. व. २०७९।०८० का लागि ८३ करोड ७२ लाख ५६ हजार १ सय ५ रुपैयाँ, २०८०।०८१ का लागि रु. ७९ करोड २७ लाख २२ हजार ९ सय ४, २०८१।०८२ का लागि रु. ८७ करोड ८८ लाख ५० हजार ५ सय ३२ र २०८२।०८३ का लागी ९९ करोड ५८ लाख १८ हजार ६ सय ९ रुपैयाँको बजेट पेश गरेका थियौं।

अब म आ. व. २०८३।०८४ का लागि पेश गरिएको बजेटको स्रोत पेश गर्दछु।

| सि. नं. | बजेटको स्रोत | बजेट (रु.) |
|---|---|---|
| **सङ्घीय सरकारबाट हस्तान्तरित अनुदान** | | |
| १ | सङ्घीय सरकार समानीकरण अनुदान | १३,६६,००,००० |
| २ | सङ्घीय सरकार सशर्त अनुदान | २७,४८,००,००० |
| ३ | सङ्घीय सरकार समपूरक अनुदान | २,५९,००,००० |
| ४ | सङ्घीय सरकार विशेष अनुदान | १,८०,००,००० |
| ५ | सङ्घीय सरकार राजस्व बाँडफाँट (मू.अ.क. वापत) | ८,०६,६४,००० |
| ६ | सङ्घीय सरकार राजस्व बाँडफाँट (अन्तः शुल्क वापत) | ३,४५,७०,००० |
| ७ | वन क्षेत्रको रोयल्टी | १८,००,००० |
| **जम्मा अनुदान** | | **५७,२३,३४,०००** |
| **बाँडफाँट गर्न मिल्ने रकम** | | **२५,३६,३४,०००** |
| **प्रदेश सरकारबाट हस्तान्तरित अनुदान** | | |
| १ | प्रदेश सरकार समानीकरण अनुदान | ९४,६०,००० |
| २ | प्रदेश सरकार सशर्त अनुदान | १,१०,००,००० |
| ३ | प्रदेश सरकार समपूरक अनुदान | १,२०,००,००० |
| ४ | प्रदेश सरकार विशेष अनुदान | २०,००,००० |
| ५ | प्रदेश सरकार राजस्व बाँडफाँट | १,५१,७७,००० |
| **जम्मा अनुदान** | | ४,९६,३७,००० |
| **बाँडफाँट गर्न मिल्ने रकम** | | **२,४६,३७,०००** |

| स्थानीय सरकारको आन्तरिक आय | | |
|---|---|---|
| १ | आन्तरिक राजस्व | ७,१०,१०,००० |
| २ | अ. ल्या. | ७,७७,३५,४१८ |
| **जम्मा आन्तरिक आय** | | **१४,८७,४५,४१८** |
| **कुल बजेट** | | **७७,०७,१६,४१८** |
| **कुल बाँडफाँट गर्न मिल्ने** | | **४२,७०,१६,४१८** |

अब म बजेटको क्षेत्रगत विनियोजन प्रस्तुत गर्दछु। हामीले वडाहरुबाट पेश गरिएका योजना तथा कार्यक्रमहरुलाई पहिलो पटक ५ वटा विषय क्षेत्रमा छुट्याएर प्रस्तुत गरेका छौं। सङ्घीय समपूरक तथा विशेष र प्रदेश समपूरक, सशर्त तथा विशेष अनुदानतर्फको रु. ६ करोड ८९ लाख बाहेकको बजेटलाई आधार मान्दा पूर्वाधार विकासका लागि १५.६९ प्रतिशत, आर्थिक विकासका लागि ४.४५ प्रतिशत, सामाजिक विकासका लागि ४५.८३ प्रतिशत, सुशासन तथा संस्थागत विकासका लागि २३.७२ प्रतिशत र वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि १.३६ प्रतिशत बजेट प्रस्ताव गरिएको छ।

| सि. नं. | क्षेत्र/उपक्षेत्र | विनियोजित बजेट (रु.) | | |
|---|---|---|---|---|
| | | नगरपालिका | सङ्घ/प्रदेश | जम्मा |
| १ | **पूर्वाधार विकास** | १२,०८,८८,७५६ | ० | १२,०८,८८,७५६ |
| १.१ | समपूरक/जोड कोष | ५,००,००,००० | ० | ५,००,००,००० |
| १.२ | भुक्तानी दिन बाँकी दायित्व | ४,०६,९४,७५६ | ० | ४,०६,९४,७५६ |
| १.३ | गौरवका आयोजनाहरु | ५०,००,००० | ० | ५०,००,००० |
| १.४ | सुरक्षित आवास कार्यक्रम | ५०,००,००० | ० | ५०,००,००० |
| १.५ | नगरस्तरीय पूर्वाधारका योजनाहरु | ५०,००,००० | ० | ५०,००,००० |
| १.६ | वडास्तरीय पूर्वाधारका योजनाहरु | १,५१,९४,००० | ० | १,५१,९४,००० |
| २ | **आर्थिक विकास** | २,३९,७०,००० | १,०४,००,००० | ३,४३,७०,००० |
| २.१ | कृषि | ५८,००,००० | ६८,००,००० | १,२६,००,००० |
| २.२ | पशु | ४४,५०,००० | ८,००,००० | ५२,५०,००० |
| २.३ | पर्यटन | ४३,००,००० | ० | ४३,००,००० |
| २.४ | सहकारी | ४,७०,००० | ० | ४,७०,००० |
| २.५ | उद्योग | ३,००,००० | १२,००,००० | १५,००,००० |

| | | | | |
|---|---|---|---|---|
| २.६ | भूमि व्यवस्था | १०,००,००० | ० | १०,००,००० |
| २.७ | श्रम तथा रोजगार | १२,००,००० | १६,००,००० | २८,००,००० |
| २.८ | पशु तथा कृषि सम्बन्धी साझेदारी कार्यक्रम | ४५,००,००० | ० | ४५,००,००० |
| २.९ | वडास्तरीय आर्थिक विकासका योजनाहरु | १९,५०,००० | ० | १९,५०,००० |
| **३** | **सामाजिक विकास** | **८,८८,६१,६६२** | **२६,४४,००,०००** | **३५,३२,६१,६६२** |
| ३.१ | शिक्षा | ५,९४,५९,५८२ | २१,४५,४४,००० | २७,४०,०३,५८२ |
| ३.२ | युवा तथा खेलकुद | २७,००,००० | ० | २७,००,००० |
| ३.३ | ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान | १६,००,००० | ० | १६,००,००० |
| ३.४ | स्वास्थ्य | १,२७,५७,००० | ४,८३,५६,००० | ६,११,१३,००० |
| ३.५ | नागरिक आरोग्य | १५,००,००० | ० | १५,००,००० |
| ३.६ | महिला, बालवालिका तथा समाज कल्याण | २९,२४,४०० | १०,००,००० | ३९,२४,४०० |
| ३.७ | सामाजिक सुरक्षा तथा पञ्जीकरण | ५,००,६८० | ५,००,००० | १०,००,६८० |
| ३.८ | वडास्तरीय सामाजिक विकासका कार्यक्रमहरु | ७४,२०,००० | ० | ७४,२०,००० |
| **४** | **वातावरण तथा विपद् व्यवस्थापन (वडास्तरीय योजनाहरु सहित)** | **१,०४,७५,०००** | **०** | **१,०४,७५,०००** |
| **५** | **सुशासन तथा संस्थागत विकास** | **१८,२८,२१,०००** | **०** | **१८,२८,२१,०००** |
| ५.१ | चालु तथा प्रशासनिक | १६,७६,१०,००० | ० | १६,७६,१०,००० |
| ५.२ | न्यायीक समिति | १३,५०,००० | ० | १३,५०,००० |
| ५.३ | सेवा प्रवाह तथा सुशासन | ४०,००,००० | ० | ४०,००,००० |
| ५.४ | वडास्तरीय सुशासन तथा संस्थागत विकासका योजनाहरु | ९८,६१,००० | ० | ९८,६१,००० |
| **६** | **सङ्घीय समपूरक अनुदान** | **०** | **२,५९,००,०००** | **२,५९,००,०००** |
| **७** | **सङ्घीय विशेष अनुदान** | **०** | **१,८०,००,०००** | **१,८०,००,०००** |
| **८** | **प्रदेश सशर्त अनुदान** | **०** | **१,१०,००,०००** | **१,१०,००,०००** |
| **९** | **प्रदेश समपूरक अनुदान** | **०** | **१,२०,००,०००** | **१,२०,००,०००** |
| **१०** | **प्रदेश विशेष अनुदान** | **०** | **२०,००,०००** | **२०,००,०००** |
| | **जम्मा बजेट** | **४२,७०,१६,४१८** | **३४,३७,००,०००** | **७७,०७,१६,४१८** |

सभाध्यक्ष महोदय, अब म क्षेत्र र उपक्षेत्रगत विनियोजन प्रस्तुत गर्दछु।

**१. सामाजिक विकास क्षेत्रः** सामाजिक विकास क्षेत्रलाई नागरिकको जीवनस्तर सुधार, गुणस्तरीय सेवा प्रवाह र मानव पुँजी विकासको आधारका रूपमा लिँदै आगामी आर्थिक वर्षका लागि यस क्षेत्रमा रु. ३५ करोड ३२ लाख ६१ हजार ६ सय ६२ रुपैयाँ विनियोजन गरिएको छ। यो कुल बजेटको ४५.८३ प्रतिशत हो।

**१.१ शिक्षाः** शिक्षा क्षेत्रलाई नगरपालिकाको दीर्घकालीन समृद्धि र सक्षम मानव स्रोत विकासको प्रमुख आधारका रूपमा लिँदै यस क्षेत्रका लागि रु. २७ करोड ४० लाख ३ हजार ५ सय ८२ रुपैयाँ विनियोजन गरिएको छ। यो कुल बजेटको ३५.५५ प्रतिशत र सामाजिक विकास क्षेत्रतर्फ विनियोजित बजेटको ७७.५६ प्रतिशत हो। शिक्षाको पहुँच विस्तारसँगै गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ देहायका कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको छ।

(क) **"कक्षा १२ सम्म निःशुल्क शिक्षा"** घोषणा गरी सफल कार्यान्वयनमा ल्याइएको कार्यक्रमलाई निरन्तरता दिँदै आधारभूत तहसम्मको शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क बनाउने अभियानलाई थप प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्था गरिएको छ।

(ख) **"निःशुल्क मात्र होइन, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा"** को अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न सङ्घीय सरकारबाट प्राप्त सशर्त कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, प्रविधिको उपयोग विस्तार तथा सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्यलाई प्राथमिकता दिइनेछ।

(ग) विषयगत शिक्षक तथा कक्षागत आवश्यकता अनुसार नियुक्त गरिएका माध्यमिक तहका २९ जना र आधारभूत तहका ३६ जना शिक्षकहरूको सेवाको निरन्तरताका लागि हाल प्राप्त गर्दै आएको तलबमा १० प्रतिशत वृद्धि गरी निरन्तरता दिन तथा सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दा बेहोर्नुपर्ने थप दायित्व समेत व्यवस्थापन गर्न रु. ३ करोड ३९ लाख २५ हजार ४ सय ३४ रुपैयाँ विनियोजन गरिएको छ।

(घ) नगर अनुदानबाट सञ्चालन हुँदै आएका ६९ जना बालविकास केन्द्रका शिक्षक तथा ३९ जना विद्यालय कर्मचारीहरूका लागि नगरपालिकाबाट उपलब्ध गराउँदै आइएको थप पारिश्रमिकलाई निरन्तरता दिँदै सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दा बेहोर्नुपर्ने थप दायित्व समेत व्यवस्थापन गर्न रु. १ करोड ४६ लाख ३७ हजार ५ सय ४० रुपैयाँ प्रस्ताव गरिएको छ।

(ङ) विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि तथा नतिजामा सुधार ल्याउन "नतिजामा आधारित अतिरिक्त कक्षा सञ्चालन" कार्यक्रमका लागि रु. २० लाख बजेट विनियोजन गरिएको छ।

(च) विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रधानाध्यापकहरूलाई प्रदान गरिँदै आएको थप प्रोत्साहन भत्ता कार्यक्रमलाई निरन्तरता दिइएको छ।

(छ) प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको पहुँच विस्तार गर्न पालिकाभन्दा बाहिर अध्ययन गर्न जाने विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।

(ज) गुरुकुल शिक्षा तथा अनाथ बालबालिका संरक्षण तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिँदै उपलब्ध गराउँदै आइएको अनुदान रकममा **८० प्रतिशत वृद्धि** गरी प्रत्येक कार्यक्रमका लागि **रु. ९/९ लाख** बजेट प्रस्ताव गरिएको छ।

(झ) विद्यालयको शैक्षिक वातावरण सुधार, शिक्षक व्यवस्थापन तथा भौतिक संरचना संरक्षणका लागि **"शिक्षक बैङ्क"** तथा **"विद्यालय संरचना मर्मत सम्भार कोष"** कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेट विनियोजन गरिएको छ।

(ञ) युवाहरू र किशोरीहरूको समग्र विकास, सचेतना तथा सामाजिक उत्तरदायित्व अभिवृद्धिका लागि **"प्रमुखसँग युवा"** र **"उपप्रमुखसँग "उनी सक्छिन" कार्यक्रम"** अन्तर्गत लागूऔषध दुर्व्यसन नियन्त्रण, यौन तथा प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी, लैङ्गिक हिंसा न्यूनीकरण तथा बालविवाहविरुद्ध विद्यालयस्तरीय सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट प्रस्ताव गरिएको छ।

## १.२ खेलकुद विकासः

(क) स्वस्थ, अनुशासित र सिर्जनशील युवा विकासका लागि खेलकुद क्षेत्रको महत्वलाई आत्मसाथ गर्दै आगामी आर्थिक वर्षका लागि खेलकुद विकासतर्फ रु. २७ लाख बजेट विनियोजन गरिएको छ।

(ख) खेलकुद पूर्वाधार विकासलाई दीर्घकालीन प्राथमिकतामा राख्दै सङ्घीय सरकारको समपूरक योजनाअन्तर्गत रु. ७ करोडको लागतमा प्यारापिटसहितको खेलमैदान निर्माण आयोजना सुनिश्चित भएको छ। उक्त आयोजनामा नगरपालिकाको ६० प्रतिशत साझेदारी रहने गरी आवश्यक बजेट व्यवस्थापन गरिएको छ। यसबाट नगरस्तरीय सुविधा सम्पन्न खेलमैदान निर्माण भई खेलकुद गतिविधि सञ्चालनमा महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास लिएको छु।

(ग) ठाकुरबाबा कप महिला तथा पुरुष फुटबल प्रतियोगिता सञ्चालनका लागि रु. ३ लाख बजेट प्रस्ताव गरिएको छ।

(घ) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि रु. १२ लाख बजेट विनियोजन गरिएको छ।

(ङ) ठाकुरबाबाको पहिचानको रुपमा रहेको खो खो खेल सञ्चालन, जिल्लास्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता तथा नगरपालिका बाहिर आयोजना हुने विभिन्न खेलकुद प्रतियोगिताहरूमा खेलाडीहरूको सहभागिता सुनिश्चित गर्न तथा बाह्य दक्ष खेल प्रशिक्षकको व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

यसरी शिक्षा र खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै गुणस्तरीय शिक्षा, सक्षम जनशक्ति विकास, स्वस्थ जीवनशैली र युवाको क्षमता अभिवृद्धिमार्फत सामाजिक विकासलाई थप सुदृढ बनाउने लक्ष्य लिइएको छ।

**१.३ ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानः** ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानमार्फत नगरको कला, साहित्य, भाषा, संस्कृति तथा मौलिक पहिचानको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने

उद्देश्यका साथ आगामी आर्थिक वर्षका लागि रु. १६ लाख बजेट विनियोजन गरिएको छ। स्थानीय प्रतिभाको पहिचान, सांस्कृतिक सम्पदाको संरक्षण तथा सिर्जनात्मक गतिविधिको संस्थागत विकासलाई यस बजेटले प्राथमिकता दिएको छ।

(क) नगरको कला, साहित्य र संस्कृतिको विकासका लागि ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको संस्थागत सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ। प्रतिष्ठानलाई स्थानीय स्रष्टा कलाकार, साहित्यकार तथा संस्कृतिकर्मीहरूको साझा थलोका रूपमा विकास गरिनेछ।

(ख) स्थानीय भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि साहित्यिक कार्यक्रम, रचना प्रकाशन, सांस्कृतिक अभिलेखीकरण तथा सिर्जनात्मक गतिविधि सञ्चालन गर्न रु. ४ लाख बजेट प्रस्ताव गरिएको छ।

(ग) नगरभित्र रहेका मौलिक कला, संस्कृति, परम्परा र सांस्कृतिक पहिचानको संरक्षणका लागि सांस्कृतिक कार्यक्रम, दिवस तथा विभिन्न समुदाय लक्षित सांस्कृतिक प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

(घ) स्थानीय प्रतिभाको पहिचान, प्रोत्साहन तथा क्षमता विकासका लागि साहित्यिक, सांस्कृतिक, सिर्जनात्मक तथा प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गर्न रु. ३ लाख बजेट प्रस्ताव गरिएको छ।

(ङ) ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको कार्यालय व्यवस्थापन, ठाकुरद्वारामा रहेको सांस्कृतिक डबली सञ्चालन तथा व्यवस्थापन, आवश्यक सामग्री व्यवस्थापन तथा प्रतिष्ठानका नियमित कार्यक्रम सञ्चालनका लागि रु. ४ लाख बजेट व्यवस्था गरिएको छ।

१.४ **स्वास्थ्य सेवाः** स्वास्थ्य सेवा नागरिकको जीवन, सुरक्षा र समृद्धिसँग प्रत्यक्ष जोडिएको विषय भएकाले नगरपालिकाले यस क्षेत्रलाई उच्च प्राथमिकता प्राप्त क्षेत्रका रूपमा लिएको छ। **"स्वस्थ नागरिक, सक्षम समुदाय र समृद्ध नगर"** को

लक्ष्यसहित स्वास्थ्य पूर्वाधार विकास, गुणस्तरीय सेवा विस्तार, रोगको रोकथाम, स्वास्थ्य प्रवर्द्धन तथा नागरिकको सहज पहुँचलाई आगामी आर्थिक वर्षको स्वास्थ्य कार्यक्रमको केन्द्रमा राखिएको छ। लामो समयको प्रतिक्षापछि थप सेवा विस्तारसहित सुविधा सम्पन्न नगर अस्पतालबाट सेवा प्रवाह प्रारम्भ भएको छ। नगर अस्पताललाई नगरवासीको विश्वासको केन्द्रका रूपमा विकास गर्दै आधारभूतदेखि विशेषज्ञ स्वास्थ्य सेवासम्म स्थानीय स्तरमै उपलब्ध गराउने उद्देश्यका साथ आवश्यक पूर्वाधार, उपकरण तथा जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिइएको छ।

आर्थिक वर्ष २०८३।०८४ मा स्वास्थ्य सेवातर्फ रु. ६ करोड ११ लाख १३ हजार बजेट विनियोजन गरिएको छ। सङ्घीय विशेष अनुदानअन्तर्गत स्वास्थ्य सेवा सुदृढीकरणका लागि प्राप्त रु. १ करोड ८० लाख र प्रदेश विशेष अनुदानतर्फको रु. २० लाख समेत गरी स्वास्थ्य क्षेत्रको कुल बजेट रु. ८ करोड ११ लाख १३ हजार पुगेको छ। स्वास्थ्य क्षेत्रमा विनियोजित बजेट कुल बजेटको १०.५२ प्रतिशत र सामाजिक क्षेत्रको १७.२९ प्रतिशत रहेको छ। स्वास्थ्य सेवाको पहुँच विस्तार, गुणस्तरीयता अभिवृद्धि र नागरिकमैत्री स्वास्थ्य प्रणाली निर्माणका लागि देहायका कार्यक्रमहरु कार्यान्वयन गरिनेछन्।

(क) नेपाल सरकारले निःशुल्क वितरण गर्ने ९८ प्रकारका अत्यावश्यक औषधीको सहज उपलब्धता सुनिश्चित गर्न रु. २७ लाख ८७ हजार बजेट विनियोजन गरिएको छ। यसबाट नगरवासीले आवश्यक औषधी समयमै प्राप्त गर्ने तथा सर्पदंश उपचार केन्द्र लगायत स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधीको नियमित आपूर्ति सुनिश्चित गरिनेछ।

(ख) नगर अस्पतालबाट प्रवाह हुने सेवाको प्रभावकारिता, पारदर्शिता र स्वायत्तता अभिवृद्धि गर्न आगामी साउन १ गतेदेखि नगर अस्पतालको आम्दानी तथा खर्च व्यवस्थापन अस्पतालबाटै सञ्चालन हुने गरी आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

(ग) नगर अस्पतालमा दन्त सेवा, आँखा उपचार सेवा तथा रक्त सञ्चार सेवा सञ्चालन गर्न तथा नगर अस्पतालबाट विशेषज्ञ चिकित्सकसहित स्वास्थ्य शिविर, आँखा शिविर, रक्तदान शिविर लगायतका सेवा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

(घ) नगर अस्पतालका लागि आवश्यक थप उपकरण व्यवस्थापन, स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि तथा नगरभित्र सञ्चालित बर्थिङ्ग सेन्टरहरुको प्रभावकारिताका लागि जनशक्ति र स्रोत साधनको उचित उपयोग गर्दै एकीकृत मातृ तथा नवजात शिशु सेवा प्रणालीलाई सुदृढ गर्न विशेष अनुदानमा विनियोजित बजेटको कार्यान्वयनका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिने छ। विशेषज्ञसहित २४ सै घण्टा गुणस्तरीय प्रसूति सेवा उपलब्ध भई नगरमा नै प्रसुति सेवा लिनेको सङ्ख्या बढोत्तरी हुनेछ। नागरिक आरोग्य कार्यक्रम मार्फत फिजियोथेरापी सेवा समेत सञ्चालन गरिने छ।

(ङ) गर्भवती महिलाको सुरक्षित स्वास्थ्य पहुँच सुनिश्चित गर्न विशेष अनुदानअन्तर्गत “ख” वर्गको एम्बुलेन्स खरिद गरी निःशुल्क मातृ एम्बुलेन्स सेवा सञ्चालन गर्ने व्यवस्था गरिनेछ। गर्भवती, प्रसूति, बेवारिसे, असहाय तथा विपन्न नागरिकलाई एम्बुलेन्स सेवामा सहयोग गर्न रु. ५ लाख बजेट प्रस्ताव गरिएको छ।

(च) स्वास्थ्य सेवाको तथ्याङ्क, प्रतिवेदन र सेवा व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाउन सबै स्वास्थ्य संस्थामा eHMIS प्रणाली सञ्चालन गरिनेछ। यसका लागि सफ्टवेयर, ल्यापटप खरिद, तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि तालिमका लागि रु. १४ लाख ६५ हजार ७ सय ५० बजेट विनियोजन गरिएको छ।

(छ) महिलाको स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिंदै पाठेघरको मुखको क्यान्सर परीक्षण, विशेषज्ञ स्वास्थ्य शिविर तथा प्रयोगशालाबाट निःशुल्क सेवा सञ्चालनका लागि रु. १० लाख बजेट व्यवस्था गरिएको छ।

(ज) स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा द्वन्द्वपीडित नागरिकलाई समेट्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ। महिला स्वास्थ्य स्वयंसेविकाहरुको योगदानको सम्मान गर्दै बिदाइ तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न रु. ७ लाख बजेट बिनियोजन गरिएको छ।

(झ) खोप तथा गाउँघर क्लिनिक व्यवस्थापन, स्वास्थ्य संस्था सञ्चालन सहयोग, स्वास्थ्य सूचना व्यवस्थापन, औषधी तथा स्वास्थ्य उपकरण खरिद, ल्याब सेवा सुदृढीकरण लगायतका कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट प्रस्ताव गरिएको छ।

(ञ) बालबालिकालाई कुपोषणबाट सुरक्षित राख्न विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण अभियान सञ्चालन गर्न साझेदार संस्थाहरुको समेत परिचालन गरी पोषण सुधार तथा स्वास्थ्य सचेतना कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक बजेट प्रस्ताव गरिएको छ।

(ट) थारु समुदायका बालबालिकाको स्वास्थ्य सुरक्षालाई ध्यान दिँदै १५ महिनापछि दादुरा दोस्रो मात्रा लगायका सम्पूर्ण बालबालिकाको अनिवार्य निःशुल्क सिकल सेल परीक्षणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

(ठ) नागरिक आरोग्य केन्द्रलाई थप प्रभावकारी बनाउन रु. १५ लाख बजेट विनियोजन गरिएको छ। यसअन्तर्गत औषधी खरिद, नसर्ने रोग अन्तर्गत पायल्स, फिस्टुला, फिसर स्क्रिनिङ्ग तथा निःशुल्क आयुर्वेद शिविर, विद्यालय आयुर्वेद तथा योग शिक्षा, वडास्तरीय नागरिक आरोग्य कार्यक्रम, पञ्चकर्म सेवा तथा बालबालिकाका लागि स्वर्णविन्दु प्राशन कार्यक्रम सञ्चालन गरिनेछ।

(ड) **"म स्वस्थ्यः मेरो समुदाय स्वस्थ्य"** अभियानमार्फत घरटोलमा स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य सचेतना तथा समुदायस्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न रु. ४ लाख ६० हजार बजेट प्रस्ताव गरिएको छ।

(ढ) नसर्ने रोगको रोकथाम, योग तथा जीवनशैली सुधार, मानसिक स्वास्थ्य सचेतना र स्वास्थ्य प्रवर्द्धनका अभियानमूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट प्रस्ताव गरिएको छ।

(ण) नागरिक स्वास्थ्यमा असर पार्ने विभिन्न हानिकारक अभ्यासहरुलाई निरुत्साहित गर्न समुदायस्तरीय सचेतनामूलक अभियान सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

(त) दीर्घरोगका बिरामीहरुलाई औषधी उपचारका लागि उपलब्ध गराउँदै आएको मासिक रु. ५ हजार सहयोग रकम समयमै उपलब्ध हुने गरी आवश्यक बजेट व्यवस्था गरिएको छ।

(थ) बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै पोषणमैत्री नगरपालिका निर्माणका लागि आवश्यक कार्यक्रमहरु कार्यान्वयन गर्न बजेट विनियोजन गरिएको छ।

**१.५ महिला, बालबालिका तथा समाज कल्याणः** सामाजिक न्याय, समान अवसर र समावेशी विकास स्थानीय सरकारको प्रमुख दायित्व हो। महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अन्तरलिङ्गी व्यक्ति, द्वन्द्वपीडित, एकल महिला तथा बालबालिका लगायतका सबै वर्ग र समुदायको संरक्षण, सशक्तिकरण र सम्मानजनक जीवनयापन सुनिश्चित गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखिएको छ। समाजमा रहेका विभेद, असमानता, हिंसा र जोखिम न्यूनीकरण गर्दै नागरिकलाई सामाजिक सुरक्षाको अनुभूति दिलाउने उद्देश्यले सामाजिक विकास तथा समावेशीकरण क्षेत्रका लागि रु. २९ लाख ७० हजार बजेट विनियोजन गरिएको छ। यस अन्तर्गत देहायका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

(क) महिलाको क्षमता अभिवृद्धि, निर्णय प्रक्रियामा सहभागिता र नेतृत्व विकासलाई प्रवर्द्धन गर्न महिला सशक्तिकरण कार्यक्रमका लागि रु. १३ लाख २६ हजार बजेट विनियोजन गरिएको छ।

(ख) जनप्रतिनिधि, कर्मचारी तथा भावी नेतृत्व तयार गर्ने उद्देश्यले महिला सशक्तिकरण, नेतृत्व विकास तथा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्न रु. ५ लाख बजेट प्रस्ताव गरिएको छ।

(ग) सशस्त्र द्वन्द्वका क्रममा पति बेपत्ता पारिएका महिलाहरूको जीवनयापनमा सहयोग पुर्‍याउन मासिक २ हजार ५ सयका दरले र अति अशक्त अपाङ्गता भएका र आम्दानीको कुनै स्रोत नभएका अति विपन्न परिवारलाई अपाङ्गता स्याहारका लागि मासिक रु. २ हजारका दरले निर्वाह भत्ता उपलब्ध गराउन ४ लाख २६ हजार आवश्यक बजेट व्यवस्था गरिएको छ।

(घ) महिला हिंसा न्यूनीकरण, पीडितको संरक्षण तथा बालबालिकाको आपतकालीन सहयोगका लागि महिला हिंसा निवारण कोष तथा बाल कोषलाई आवश्यक बजेट विनियोजन गरिएको छ।

(ङ) बालबालिकाको अधिकार संरक्षण, सुरक्षित वातावरण निर्माण तथा बालमैत्री वडा घोषणाका गतिविधिलाई प्रभावकारी बनाउन बाल अधिकार समिति, बाल सञ्जाल, बाल क्लबका सदस्य तथा सरोकारवालाहरूको क्षमता विकास, तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्न रु. ४ लाख १० हजार बजेट विनियोजन गरिएको छ।

(च) सहयोगापेक्षी सडक मानवको सम्मानजनक व्यवस्थापनका लागि नील सागर सेवा आश्रम र मानव सेवा आश्रमसँगको सहकार्यलाई निरन्तरता दिइनेछ। साथै ज्येष्ठ नागरिकको अनुभव, ज्ञान र सीपलाई नयाँ पुस्तासँग जोड्ने उद्देश्यले अन्तरपुस्ता ज्ञान, सीप तथा अनुभव हस्तान्तरण कार्यक्रमका लागि बजेट व्यवस्था गरिएको छ।

(छ) बालबालिकामा हुने अपाङ्गता रोकथाम, प्रारम्भिक पहिचान, उपचार तथा पुनः स्थापनाका लागि साझेदारी कार्यक्रम सञ्चालन गर्न **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।

(ज) वालविवाह न्यूनीकरण, सामाजिक हानीकारक प्रथा तथा कुरीति अन्त्यका लागि सङ्घसंस्थाको साझेदारीमा समुदायस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै समुदायमा सूचना प्रवाह तथा जनचेतना अभिवृद्धिका लागि सञ्चार सहकार्यलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।

(झ) दलित समूदायको परम्परागत सीप तथा कानुनी साक्षरता कार्यक्रम सञ्चालनका लागि रु. २ लाख बजेट प्रस्ताव गरिएको छ।

(ञ) सामाजिक समावेशीकरण, अधिकार प्रवर्द्धन र जनचेतना अभिवृद्धिसँग सम्बन्धित विभिन्न दिवस तथा समारोह सञ्चालनका लागि रु. २ लाख ५० हजार बजेट प्रस्ताव गरिएको छ।

## १.६ सामाजिक सुरक्षा तथा पञ्जीकरणः

(क) सामाजिक सुरक्षा सुरक्षा र पञ्जीकरण मानवीय जीवनका लागी पहिचान दिने र निर्वाहका लागि सुरक्षासँग जोडिने महत्वपूर्ण आधार हो। यसको विवरणलाई वस्तुनिष्ट र दीर्घ कालसम्म कायम राख्न रु. १० लाख ६ सय ८० बजेट विनियोजन गरिएको छ।

(ख) सामाजिक सुरक्षा सेवा प्रवाहलाई प्रविधिमैत्री, व्यवस्थित र विश्वसनीय बनाउन बायोमेट्रिक भेरिफिकेसनका तथा व्यवस्थापनमा रु. २ लाख २५ हजार, सामाजिक सुरक्षा भत्ता परिचयपत्र तथा सूचना फाराम छपाई लगायतका कार्यका लागि रु. १५ हजार विनियोजन गरिएको छ।

(ग) व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा सेवा तथा अनलाइन नागरिकता सिफारिस सम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनप्रतिनिधि, वडा सचिव तथा सम्बन्धित कर्मचारीको क्षमता विकास तालिमका लागि रु. १ लाख २० हजार ६ सय ८० तथा घटना दर्ता सप्ताह, बालपोषण भत्ता सदुपयोग सम्बन्धी अभिमुखीकरणका लागि रु. १ लाख विनियोजन गरिएको छ।

(घ) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकको सहज पहुँच र सचेतना अभिवृद्धि गर्न घुम्ती शिविरमार्फत भत्ता वितरण, वित्तीय साक्षरता, सञ्चार तथा पहुँच अभियान तथा सम्बन्धित व्यवस्थापन कार्यका लागि रु. ४० हजार विनियोजन गरिएको छ।

**२. आर्थिक विकास क्षेत्रः** आर्थिक विकास क्षेत्रका लागि रु. ३ करोड ४३ लाख ७० हजार बजेट प्रस्ताव गरिएको छ जुन कुल बजेटको ४.४६ प्रतिशत हो।

**२.१ कृषि विकासः**

(क) कृषि विकासका लागि रु. १ करोड २६ लाख बजेट प्रस्ताव गरिएको छ।

(ख) **"बिज वृद्वि आत्मनिर्भर कार्यक्रम"** र **"प्रतिफल तथा उत्पादनमा आधारित अनुदान कार्यक्रम"** लाई निरन्तरता दिँदै रु. ६ लाख बजेट विनियोजन गरिएको छ।

(ग) लागत साझेदारीमा साना किसानहरुका लागि साना सिँचाई तथा कृषि यान्त्रिकरण सहयोग कार्यक्रम सञ्चालनका लागि रु. १० लाख बजेट प्रस्ताव गरिएको छ।

(घ) **"मागमा आधारित एक गाउँ/समूह एक उत्पादन लक्षित कार्यक्रम"** सञ्चालन तथा सामग्री सहयोग र पकेट क्षेत्रगत सघन बाली विकासका लागि रु. ६ लाख बजेट विनियोजन गरिएको छ।

(ङ) डिजिटल विधिबाट माटो परीक्षण, माटो सुधारका लागि ढैंचा बीउ सहयोग, ५० प्रतिशत अनुदानमा हिउँदे/बसन्ते मकै बीउ वितरण तथा साना किसान लक्षित कृषि उपज र तरकारी मिनि किट सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि **रु. ६ लाख** बजेट विनियोजन गरिएको छ।

(च) कृषक चौतारी, एकीकृत कीट व्यवस्थापन (Integrated Pest Management), कृषक पाठशाला, व्यवसायिक तालिम र टोल/समूह लक्षित क्षमता विकास

कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रु. ९ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ।

(छ) बाली विशेष सञ्जाल, कृषक समूह तथा समन्वय समिति गठन/पुनर्गठन, कृषक पासबुक तथा परिचयपत्र व्यवस्थापन गरिनेछ। राष्ट्रिय धान दिवस तथा विश्व खाद्य दिवसको अवसरमा कृषक सम्मान कार्यक्रम समेत सञ्चालन गरिनेछ। यसका लागि रु. ९ लाख बजेट छुट्याइएको छ।

(ज) कृषि प्रोफाइल तयार गर्ने, आधारभूत तथ्याङ्क विश्लेषण गर्ने, किसान सूचीकरण निरन्तरता तथा सफ्टवेयर व्यवस्थापन गर्ने कार्यलाई अघि बढाइनेछ। यसका लागि रु. ५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

(झ) कार्यक्रम अनुगमन, फिल्ड भेरिफिकेसन, समिति बैठक व्यवस्थापन तथा कृषि शाखाको नियमित सेवा सञ्चालनका लागि रु. ६ लाख ५० हजार विनियोजन गरिएको छ।

## २.२ पशु सेवाः

(क) पशु सेवाका लागि रु. ५२ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ।

(ख) पशुपन्छी उपचारका लागि आवश्यक औषधी खरिद, प्रयोगशाला व्यवस्थापन, उपचार सामग्रीको व्यवस्था तथा महामारीजन्य रोग नियन्त्रणका कार्यक्रम सञ्चालनका लागि रु. १५ लाख बजेट विनियोजन गरिएको छ।

(ग) पशुपन्छीमा लाग्ने सरुवा रोग नियन्त्रण, नमूना सङ्कलन तथा परीक्षण, नियमित खोप सेवा सञ्चालन र रेबिज रोग उन्मूलन कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि रु. ४ लाख बजेट व्यवस्था गरिएको छ।

(घ) साझेदारीमा पशुपन्छी तथा मत्स्य उत्पादन र प्रशोधनका लागि आवश्यक मेशिनरी तथा सामग्री सहयोग गरिनेछ। साथै पशु उत्पादन, बजारीकरण तथा एक स्वास्थ्य अवधारणासम्बन्धी व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

(ङ) पशु प्रजनन सुधार, कृत्रिम गर्भाधान सेवा तथा कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई उत्पादन वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(च) पशु सेवा केन्द्रहरूको मर्मत सम्भार, पशुपन्छी तथ्याङ्क सङ्कलन तथा प्रकाशन गरी योजनाबद्ध सेवा प्रवाहको व्यवस्था मिलाइनेछ। यसका लागि रु. ६ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ।

(छ) गौशाला व्यवस्थापन, शाखा तथा सेवा केन्द्र सञ्चालनका लागि आवश्यक पानी, बिजुली, सञ्चार, इन्धन लगायतका व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। यसका लागि रु. १६ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

## २.३ पर्यटन विकासः

(क) पर्यटन विकासका लागि रु. ४३ लाख बजेट प्रस्ताव गरिएको छ।

(ख) पर्यटन क्षेत्रको विकास, स्थानीय सम्भावनाको उपयोग तथा निजी/साझेदारी सहकार्य प्रवर्द्धन गर्न पर्यटन विकास तथा प्रवर्द्धन साझेदारी कार्यक्रम सञ्चालनका लागि रु. ३० लाख बजेट विनियोजन गरिएको छ।

(ग) ठाकुरद्वारा मन्दिर लगायत विभिन्न धार्मिक स्थल, मरुवा तथा चर्चको संरक्षण र व्यवस्थापन साथै माघी मेला, चरा महोत्सव, टुर दि ठाकुरद्वारा लगायतका मेला, महोत्सव तथा प्रवर्द्धनात्मक कार्यक्रममार्फत पर्यटन आकर्षण गर्नका लागि रु. १३ लाख बजेट व्यवस्था गरिएको छ।

## २.४ सहकारी विकासः

(क) सहकारीको विकासका लागि रु. ४ लाख ७० हजार बजेट विनियोजन गरिएको छ।

(ख) सूचना प्रविधि तथा कोपोमिस तालिम, सहकारी दिवस, अनुभव आदानप्रदान तथा उत्कृष्ट सहकारी सम्मान कार्यक्रम सञ्चालनका लागि रु. १ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

(ग) जिल्ला सहकारी सङ्घको कार्यालय व्यवस्थापन, वित्तीय व्यवस्थापन तथा लेखा तालिम र पदाधिकारी क्षमता विकास (सम्पत्ति शुद्धिकरण सम्बन्धी) तालिम सञ्चालन गर्नका लागि रु. ३ लाख २० हजार बजेट व्यवस्था गरिएको छ।

**२.५ उद्योग तथा लघु उद्यमः**

(क) यस क्षेत्रका लागि रु. १५ लाख बजेट प्रस्ताव गरिएको छ।

(ख) फर्म तथा व्यवसाय दर्ता अभियान सञ्चालन गर्नुका साथै महिला कृषि उद्यमी तथा साना कुटिर उद्यमीहरूलाई ५० प्रतिशत लागत सहभागितामा साना यन्त्र उपकरण खरिदका लागि अनुदान सहयोग उपलब्ध गराउन रु. ३ लाख बजेट विनियोजन गरिएको छ।

(ग) लघु उद्यम मार्फत सञ्चालन हुने तालिम तथा कार्यक्रम र सहजकर्ताका लागि रु. १२ लाख विनियोजन गरिएको छ।

**२.६ भूमि व्यवस्थाः** भूमि व्यवस्थाका लागि रु. १२ लाख बजेट विनियोजन गरिएको छ। स्थानीय तहबाट भूमि प्रशासन सेवा सञ्चालन तथा भूमि सम्बन्धी समस्या समाधान कार्यमा विनियोजित बजेट खर्च हुनेछ।

**२.७ श्रम तथा रोजगारः**

(क) यस उपक्षेत्रमा रु. २८ लाख बजेट विनियोजन गरिएको छ।

(ख) रोजगार, सीप तथा उद्यमशीलता केन्द्र व्यवस्थापन गर्दै रोजगारसम्बन्धी तथ्याङ्क सङ्कलन तथा रोजगार प्रोफाइल निर्माण कार्यका लागि रु. ४ लाख बजेट विनियोजन गरिएको छ।

(ग) वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई लक्षित गरी सीप विकास तालिम तथा सहयोग कार्यक्रम सञ्चालनका लागि रु. ३ लाख बजेट व्यवस्था गरिएको छ।

(घ) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रममा शत प्रतिशत साझेदारी गरी रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिनेछ। यसका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

## २.८ कृषि तथा पशु विकासमा साझेदारी कार्यक्रमः

(क) कृषि तथा पशुपालन विकासलाई थप व्यवस्थित गर्न प्राविधिक सहयोग हेफर इन्टरनेसनल नेपालले गर्ने गरी कृषि तथा पशु सेवा शाखाबाट साझेदारी कार्यक्रम सञ्चालन गर्न रु. ४५ लाख विनियोजन गरिएको छ।

(ख) बिक्रीमा आधारित अनुदानमार्फत दुध तथा खसीबोका (सहकारी मार्फत बिक्री हुने) कार्यक्रम सञ्चालन गर्न तथा दुग्धजन्य पदार्थको सङ्कलन, प्रशोधन, ब्राण्डिङ्ग तथा खसीबोका बजारीकरणमा सहयोगका लागी रु. २४ लाख बजेट विनियोजन गरिएको छ।

(ग) लागत साझेदारीमा उन्नत बाच्छी वितरण कार्यक्रम, शुद्ध नस्लको सिमेन खरिद तथा पशु उत्पादन सुधारका गतिविधिहरू सञ्चालनका लागि रु. ३ लाख बजेट व्यवस्था गरिएको छ।

(घ) समूहमा सन्तुलित आहारा तयारी अभ्यास तालिम सञ्चालन गरी लागत घटाउने र उत्पादन बढाउने लक्ष्य राखिएको छ। जसका लागि रु. २ लाख बजेट विनियोजन गरिएको छ।

(ङ) उच्च मूल्यका बाली, स्थानीय तथा रैथाने बालीको उत्पादन प्रवर्द्धन, प्रतिफलमा आधारित साझेदारी अनुदान, मुख्य तरकारीको बजार व्यवस्थापन तथा मूल्य श्रृङ्खलामा आधारित प्याकेज कार्यक्रम सञ्चालनका लागि रु. ११ लाख बजेट व्यवस्था गरिएको छ।

(च) विभिन्न बालीहरूको बाली कटानी रेकर्ड, फिल्डमा प्राविधिक परिचालन, कार्यक्रम अनुगमन तथा विविध व्यवस्थापन कार्यहरू सञ्चालनका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

## ३. पूर्वाधार विकास क्षेत्रः

(क) पूर्वाधार विकास जनसरोकारसँग जोडिने प्रमुख क्षेत्र हो। यसअघि कार्यान्वयनमा आएर सम्पन्न हुन नसकेका तथा पूरा गर्नुपर्ने सडक र अन्य पूर्वाधारका अधुरा आयोजनाहरु पूरा गर्ने कार्यलाई प्राथमिकता दिने गरी आगामी आर्थिक वर्षको

योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएको छ। नगरपालिकालाई दीर्घकालीन लाभ दिने योजना कार्यान्वयन गरी आत्मनिर्भरता हासिल गर्ने गरी पछिल्लो समयमा देखिएको जलवायु प्रतिकुलतालाई अनुकल बनाउन बहुउद्देश्यीय परियोजनाहरु अघि सारिएका छन्।

(ख) पूर्वाधार विकासका लागि नगरस्तरीय तथा वडास्तरीय योजनाहरु गरी रु. १२ करोड ८ लाख ८८ हजार ७ सय ५६ बजेट विनियोजन गरिएको छ। जसमा सङ्घीय समपूरक अनुदानको २ करोड ५९ लाख, प्रदेश समपूरक अनुदानको १ करोड २० लाख र सङ्घीय तथा प्रदेश सशर्त पुँजीगत अनुदानतर्फको १ करोड ८१ लाख बजेट जोड्दा रु. १७ करोड ६८ लाख ८८ हजार ७ सय ५६ (कुल बजेटको २२.९५ प्रतिशत) हुने देखिन्छ।

(ग) नगरपालिकाको प्राथमिकता प्राप्त आयोजना तथा सङ्घ, प्रदेश र अन्य निकायसँगको साझेदारीमा सञ्चालन हुने विकास कार्यक्रमलाई प्रभावकारी बनाउन समपूरक/जोड कोषका लागि रु. ५ करोड विनियोजन गरिएको छ। यसबाट रणनीतिक महत्वका आयोजना कार्यान्वयनमा सहजीकरण हुने विश्वास लिइएको छ।

(घ) अपाङ्गता भएका, विपन्न तथा जोखिममा रहेका नागरिकहरुमा सुरक्षित तथा ऊर्जा प्रभावकारी आवासको पहुँच विस्तार गर्न सुरक्षित आवास कार्यक्रमका लागि रु. ५० लाख बजेट विनियोजन गरिएको छ।

(ङ) यस आर्थिक वर्षमा सम्पन्न नभई दायित्व सिर्जना हुने तथा निर्माणाधीन आयोजनाहरूको आर्थिक दायित्व व्यवस्थापन गर्दै वित्तीय अनुशासन कायम गर्न भुक्तानी दिन बाँकी दायित्व भुक्तानीका लागि रु. ४ करोड ६ लाख ९४ हजार ७ सय ५६ विनियोजन गरिएको छ।

(च) यस आर्थिक वर्षमा प्रस्ताव गरिएका तर स्रोतमा आएको सङ्कुचनका कारण कार्यान्वयन हुन नसकेका र अधुरा योजना (मिथुनियामा कल्भर्ट निर्माण, गणेश मन्दिरमा पूर्वाधार निर्माण, राजमार्गदेखि बसपार्क जोड्ने र राजमार्गबाट रोयल

होटल जोड्ने सडक निर्माण, हुलाकी सडकदेखि बद्री कठायतको घर हुँदै हाटबजार जोड्ने सडक र पूर्व पश्चिम राजमार्ग विजय प्लाजादेखि हुलाकी सडकसम्म पक्कि नाला निर्माण, वानुगाउँमा अधुरो सिँचाइ नाली निर्माण लगायत) सम्पन्न गर्नका लागि रु. ५० लाख र नगरस्तरीय अन्य आयोजनाका लागि रु. ५० लाख बजेट विनियोजन गरिएको छ।

(छ) वडा तहबाट पहिचान भएका तथा स्थानीय आवश्यकता र जनसरोकारसँग प्रत्यक्ष जोडिएका पूर्वाधार विकास सम्बन्धी योजनालाई सम्बोधन गर्न रु. १ करोड ५१ लाख ९४ हजार विनियोजन गरिएको छ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः

(क) यस नगरपालिका चारैतिरबाट राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय वनले घेरिएको तथा विपद् जोखिमको दृष्टिकोणले अति संवेदनशील नगरपालिका हो। तसर्थ वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु गर्नको लागि रु. १ करोड ४ लाख ७५ हजार बजेट प्रस्ताव गरिएको छ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा रु. ३० लाख विनियोजन गरिएको छ। साथै पूर्वानुमानमा आधारित विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि रु. २ लाख व्यवस्था गरिएको छ।

(ग) विपद्को समयमा तत्काल सेवा प्रवाह र समन्वयलाई प्रभावकारी बनाउन स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) सञ्चालन तथा व्यवस्थापनका लागि रु. १ लाख तथा सुरक्षित आश्रयस्थल स्तरोन्नति तथा व्यवस्थापनका लागि रु. १ लाख विनियोजन गरिएको छ।

(घ) वातावरण संरक्षण र हरियाली प्रवर्द्धनका लागि **“स्वच्छ ठाकुरबाबाः स्वस्थ ठाकुरबाबा”** अभियानमार्फत वृक्षारोपण, संरक्षण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न रु. १० लाख विनियोजन गरिएको छ। साथै वन उपभोक्ता

समितिसँग समन्वय, सहकार्य तथा अन्तरक्रियाका लागि रु. ५० हजार व्यवस्था गरिएको छ।

(ङ) नगर क्षेत्रमा स्वच्छता प्रवर्द्धन तथा फोहरमैलाको दिगो व्यवस्थापनका लागि साझेदारीसहित फोहरमैला व्यवस्थापन कार्यक्रमतर्फ रु. १० लाख तथा खानेपानी क्षेत्रको संस्थागत सुदृढीकरण र साझेदारीका लागि NWASH कार्यक्रमतर्फ रु. ७ लाख बजेट विनियोजन गरिएको छ।

(च) खानेपानी सेवाको दिगोपना र प्रभावकारी व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँग समन्वय तथा साझेदारी कार्यक्रम सञ्चालन गर्न रु. १० लाख विनियोजन गरिएको छ।

(छ) नागरिकको स्वास्थ्यका लागि वातावरण र जीवनशैली सुधारलाई ध्यान दिँदै खुला जिमपार्क सामग्री तथा सौन्दर्यीकरण कार्यक्रमका लागि रु. १० लाख तथा विपद् जोखिम न्यूनीकरण र हस्तान्तरणका लागि बीमा गर्न रु. २ लाख ५० हजार विनियोजन गरिएको छ।

(ज) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको साझेदारीमा **"स्वच्छ चुलो कार्यक्रम"** सञ्चालन गर्न रु. २० लाख बजेट विनियोजन गरिएको छ।

## ५. <u>संस्थागत विकास तथा सुशासन क्षेत्रः</u>

संस्थागत विकास तथा सुशासन क्षेत्रका लागि कुल रु. १८ करोड २८ लाख २१ हजार रुपैयाँ विनियोजन गरिएको छ। यो कुल बजेटको २३.७२ प्रतिशत हो।

### ५.१ न्यायीक समितिः

(क) न्यायीक समितिका लागि कुल १३ लाख ५० हजार बजेट प्रस्ताव गरिएको छ।

(ख) न्यायीक समितिको नियमित कार्य सञ्चालन तथा सेवा प्रवाहलाई व्यवस्थित बनाउन न्यायीक समिति बैठक भत्ता र विवाद समाधानसम्बन्धी आवश्यक व्यवस्थापनका लागि रु. १ लाख ९८ हजार बजेट विनियोजन गरिएको छ।

(ग) मेलमिलाप प्रणालीलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन न्यायीक समिति तथा मेलमिलापकर्ताको क्षमता विकासका लागि पुनर्ताजगी तालिम सञ्चालन गर्न रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

(घ) न्यायीक समिति तथा मेलमिलाप केन्द्रको संस्थागत व्यवस्थापन सुदृढ गर्न आवश्यक व्यवस्थापन तथा सञ्चालनका लागि रु. २ लाख बजेट प्रस्ताव गरिएको छ।

(ङ) समुदायस्तरमा कानुनी सचेतना अभिवृद्धि गर्दै हिंसा न्यूनीकरण र न्यायीक अभ्यासको अनुभव आदानप्रदान गर्न वडा तहमा कानुनी सचेतना कार्यक्रम तथा न्यायिक संवाद/अध्ययन अवलोकन भ्रमणका लागि रु. ४ लाख ५२ हजार बजेट विनियोजन गरिएको छ।

## ५.२ सेवा प्रवाह तथा सुशासनः

(क) नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाहलाई कायम राख्न सेवा प्रवाह तथा सुशासन उपक्षेत्रमा रु. ४० लाख बजेट विनियोजन गरिएको छ।

(ख) जनउत्तरदायी शासन र पारदर्शिता प्रवर्द्धन गर्न त्रैमासिक सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण, र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण (GEDSI AUDIT) कार्यक्रम सञ्चालन गर्न रु. २ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

(ग) सेवा प्रवाहलाई प्रविधिमैत्री र प्रभावकारी बनाउन सूचना प्रणाली, सफ्टवेयर खरिद तथा परामर्श सेवा शुल्कका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

(घ) कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास र सुशासन सुदृढीकरणका लागि तालिम, गोष्ठी, Soft Skill, योग तथा नैतिकता अभिवृद्धि कार्यक्रम तथा GIS सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

(ङ) जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाको क्षमता विकास गरी सेवा प्रवाह प्रभावकारी बनाउन सार्वजनिक खरिद, आयोजना व्यवस्थापन, सम्झौता व्यवस्थापन, योजना तथा बजेट निर्माण, कार्यान्वयन र अनुगमनसम्बन्धी क्षमता अभिवृद्धि गर्न रु. ३ लाख बजेट व्यवस्था गरिएको छ।

(च) स्थानीय तहसँगको सहकार्य र सहभागितामूलक विकास प्रणाली सुदृढ गर्न टोल विकास संस्था तथा उपभोक्ता समितिका पदाधिकारीहरूको अभिमुखीकरण कार्यक्रमका लागि रु. १ लाख विनियोजन गरिएको छ।

(छ) संस्थागत संस्कृति, पेशागत दक्षता र नागरिकमैत्री सेवा प्रवर्द्धन गर्न जनप्रतिनिधि तथा कर्मचारीहरूको नैतिकता, सदाचारिता, योग, ध्यान तथा सेवाकालीन तालिम कार्यक्रमका लागि रु. ३ लाख बजेट छुट्याइएको छ।

(ज) नगरपालिकाको संस्थागत संरचना सुदृढ गर्न अनुगमन तथा मूल्याङ्कन, विषयगत समिति सञ्चालन, बेरुजु फछ्र्यौट, लेखा व्यवस्थापन तथा सार्वजनिक सुनुवाई जस्ता सुशासनका कार्यक्रमहरूलाई प्रभावकारी बनाइनेछ।

(क) आन्तरिक स्रोत परिचालन र सेवा प्रणाली सुधार गर्न राजस्व सुधार योजना निर्माण, करदाता शिक्षा तथा सम्मान कार्यक्रम, घुम्ती सेवा तथा एकल सेवा विन्दु व्यवस्थापनका लागि रु. ३ लाख ५० हजार विनियोजन गरिएको छ।

(ख) दिगो योजना निर्माण, डिजिटल सुशासन र संस्थागत सुदृढीकरणका लागि अध्ययन अनुसन्धान, डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता, साइबर सुरक्षा, नगरपालिकाका सवारी साधन सञ्चालन तथा मर्मत, विषयगत समिति सञ्चालन र बेरुजु फछ्र्यौट सम्बन्धी कार्यका लागि रु. २९ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ।

(ग) नगरपालिकामा सञ्चालन हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाका कार्यक्रमहरूलाई समन्वयात्मक रूपमा कार्यान्वयन गर्न प्राप्त सबै परियोजनालाई रातो किताबमा समावेश गरी नगरपालिकाको प्राथमिकताअनुसार सञ्चालन गरिने व्यवस्था मिलाइएको छ।

## ५.३ चालु तथा प्रशासनिक खर्चः

(क) नगरपालिकाको समग्र चालु तथा प्रशासनिक खर्च व्यवस्थापनका लागि रु. १६ करोड ७६ लाख १० हजार बजेट विनियोजन गरिएको छ।

(ख) नेपाल सरकारले आर्थिक वर्ष २०८३।०८४ को बजेट मार्फत २०८३ साल साउन १ गतेदेखि लागू हुने गरी राष्ट्रसेवक कर्मचारीहरुलाई महङ्गी तथा तलबमान १० प्रतिशतले वृद्धि गर्ने व्यवस्था गरेकोमा नगरपालिकामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरुलाई महङ्गी भत्ता र प्रोत्साहन भत्ता उपलब्ध गराउन तथा तलबमान १० प्रतिशत वृद्धि गरि बृद्धि भएको तलबमानको १० प्रतिशत प्रोत्साहन रकमलाई समेतका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। यो सबै कर्मचारी र दरबन्दी तथा राहतमा कार्यरत शिक्षकमा समेत लागू हुनेछ । साथै कार्यसम्पादनमा आधारित प्रोत्साह रकमलाई निरन्तरता दिईएको छ ।

(ग) राष्ट्रसेवक कर्मचारीको मनोबल वृद्धि तथा सामाजिक सुरक्षाका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूको रु. १० लाख बराबरको दुर्घटना बीमा र रु. १ लाख बराबरको स्वास्थ्य उपचार बीमाको प्रिमियम नगर सरकारले व्यहोर्ने व्यवस्था गरिएको छ।

(घ) करार सेवामा कार्यरत कर्मचारीहरूको मनोबल अभिवृद्धि गर्न योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

(ङ) कार्यालयका लागि आवश्यक फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका उपकरण खरिद तथा सवारी साधन मर्मत र सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

अन्त्यमा, आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्याउनु हुने नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, विषयगत मन्त्रालयहरू, विकास साझेदार संस्थाहरू, विभिन्न गैरसरकारी सङ्घसंस्थाहरू, राजनीतिक दलका प्रतिनिधिहरू, जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, नागरिक समाज, सञ्चारमाध्यम तथा सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाईप्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु। उहाँहरूको सक्रिय सहभागिता, सुझाव र सहकार्यकै कारण यस बजेटलाई यथार्थपरक, कार्यान्वयनयोग्य र जनउत्तरदायी बनाउने आधार तयार भएको छ।

यो बजेट केवल आर्थिक दस्तावेज मात्र नभई विकास, सुशासन, समावेशिता र समृद्ध नगर निर्माणतर्फको साझा प्रतिबद्धता हो। तसर्थ बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन मार्फत नागरिकको जीवनस्तरमा प्रत्यक्ष परिवर्तन ल्याउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने र विकासलाई परिणाममुखी बनाउने दिशामा हामी सबैको सामूहिक प्रयास अपरिहार्य हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

धन्यवाद। जय ठाकुरबाबा।।

**बिना कुमारी भट्टराई**
**नगर सभा उपाध्यक्ष, ठाकुरबाबा नगरपालिका**
**वि. सं. २०८३ साल आषाढ ५ गते शुक्रबार**